राजश्व सुधार कार्ययोजना

(Revenue Improvement Action Plan)



मेलम्ची नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

सिन्धुपाल्चोक, बाग्मती प्रदेश

दस्तावेज/प्रतिवेदन

दस्तावेज :	*मेलम्ची नगरपालिकाको राजस्व सुधार कार्ययोजना*
प्राविधिक सहयोग :	*सपोर्ट फर डेभलपमेन्ट ईनिसियटिभ्स कन्सल्टेन्सि प्रा.लि. काठमाडौं*
मिति :	*बैशाख २०७७*

कृतज्ञता ज्ञापन

मेलम्ची नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यलाई सफल बनाउन सहयोग पुऱ्याउनु हुने नगरपालिकाका प्रमुख श्री डम्बर बहादुर अर्याल, उपप्रमुख श्री भगवती नेपाल, प्रमुख प्रशासकीय अधिकृत श्री कुमार प्रसाद कोईराला तथा नगरपालिकाका कार्यपालिका सदस्यहरू, प्रमुख राजनीतिक दलका प्रतिनिधिहरू, नगरपालिकाका कर्मचारीहरू, उद्योग वाणिज्य संघका प्रतिनिधि, होटल व्यवसायी संघका प्रतिनिधि लगायत सबैमा परामर्शदाताको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछौं । त्यसैगरी, यस कार्यमा रचनात्मक सुझाव तथा सहयोग प्रदान गर्नुहुने सरोकारवालाहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

एस.डि.आई.सि. परिवार

विषय सूची

परिच्छेद एक

परिचय 5

१.१ पृष्ठभूमि 5

१.२ राजस्व सुधार कार्ययोजनाको औचित्य 5

१.३ कार्यक्रमको उद्देश्य 6

१.४ कार्यक्रमको क्षेत्र 6

१.५ कार्यक्रम संचालन विधि तथा प्रक्रिया 7

१.५.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन 7

१.५.२ तथ्यांक/सूचना संकलन फारम तथा सूची विकास 7

१.५.३ अभिमुखीकरण तथा योजना तर्जुमा कार्यशाला 7

१.५.४ वडा कार्यालयको स्थलगत अध्ययन तथा अवलोकन 9

१.५.५ तथ्यांक/सूचना संकलन 9

१.५.६ तथ्याङ्क विश्लेषण तथा मस्यौदा प्रतिवेदन तयारी 9

१.५.७ मस्यौदा प्रतिवेदन उपर छलफल 9

१.५.८ प्रतिवेदनलाई अन्तिम रुप प्रदान तथा पेश 9

१.६ अध्ययनको सीमा 10

परिच्छेद दुई

राजस्व परिचालन सम्बन्धि नगरपालिकाको विद्यमान अवस्था 11

२.१ नगरपालिकाको संक्षिप्त परिचय 11

२.२ नगरपालिकाको विद्यमान राजस्व प्रशासन 12

२.२.१ राजस्व प्रशासनमा सम्लग्न मानव संसाधन 12

२.२.२ राजस्व परिचालनको प्रशासनिक/प्रकृयागत व्यवस्था 13

२.३ राजस्व परिचालन सम्बन्धी नगरपालिकाको कानुन तथा नीति 15

२.३.१ विद्यमान कानुनी व्यवस्था (ऐन, नियमावली तथा कार्यविधि) 15

२.३.२ विद्यमान नीतिगत व्यवस्था 15

२.४ विगतको आय संकलन तथा राजस्व संरचनाको अवस्था 16

२.४.१ राजस्व संकलनको अवस्था 16

२.४.२ राजस्व संरचनाको अवस्था 18

परिच्छेद तीन

नगरपालिकाको राजस्व अधिकार तथा आय सम्भाव्यता 20

३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था 20

३.१.१ संवैधानिक व्यवस्था 20

३.१.२ कानुनी व्यवस्था 21

३.२ आन्तरिक आय संकलनका प्रमुख क्षेत्रहरुको विद्यमान अवस्था र सम्भावना 25

३.२.१ कर राजस्व 25

३.२.२ गैर कर राजस्व.....31

परिच्छेद चार

राजस्व सुधार कार्ययोजना 40

४.१ कर राजस्व सुधार योजना 40

४.२ गैर कर राजस्व सुधार योजना.....42

४.३ राजस्व प्रशासन सुधार योजना 43

परिच्छेद पाँच

आगामी ३ वर्षको आय प्रक्षेपण..... 46

५.१ कोभिड १९ र बन्दाबन्दीको राजस्व संकलनमा पर्ने असरको प्रारम्भिक आँकलन 46

५.२ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण 47

५.३ आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण.....49

परिच्छेद छ

निश्कर्ष तथा सुझाव 54

६.१ निश्कर्ष तथा सुझाव.....54

६.२ राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन 54

६.३ कार्ययोजनाको अनुगमन तथा मुल्यांकन 55

अनुसूचीहरू..... 57

अनुसूची १: सन्दर्भ सामग्रीहरू 58

अनुसूची २: तथ्यांक/सूचना संकलनका लागि प्रयोग गरिएको फारम तथा सूची 59

अनुसूची ३: प्रारम्भिक कार्यशालाको कार्यक्रम तालिका तथा उपस्थिति विवरण.....63

अनुसूची ४: स्थानीय राजस्व परामर्श समिति गठन तथा काम कर्तव्य र अधिकार सम्बन्धी कानुनी व्यवस्था 65

अनुसूची ५: राजस्व परामर्श समितिले राजस्व प्रक्षेपण गरि कार्यपालिकामा पेश गर्ने प्रतिवेदनको ढाँचा 66

तालिका सूची

तालिका १: राजस्व परामर्श समिति 13
तालिका २: राजस्व उप-शाखामा कार्यरत कर्मचारीह□को विवरण (२०७६ फाल्गुण) 13
तालिका ४: नगरपालिकाको राजस्व संकलनको अवस्था (रु. हजारमा) 17
तालिका ५: आन्तरिक आयमा शीर्षकगत योगदान (रु. हजारमा) 18
तालिका ६: कुल राजस्वमा शीर्षकगत योगदान (रु. हजारमा) 19
तालिका ५: भूमिकर (मालपोत) को सम्भाव्यता विवरण 27
तालिका ७: घरजग्गा करको सम्भाव्यता विवरण 28
तालिका ८: व्यवसाय करको सम्भाव्यता विवरण 29
तालिका ९: नगरपालिकाले प्रारम्भिक वातावरण परिक्षण गरेका स्थल र परिमाण 31
तालिका १०: नदीजन्य पदार्थ बिक्री सम्भावना (IEE गरिएका उत्खनन स्थलहरुको) 32
तालिका ११: बहाल विटौरी शूल्कको सम्भावना विवरण 34
तालिका १६: आगामी आ.व.ह□का लागि राजस्व प्रक्षेपणका आधारह□ (रु. हजारमा) 47
तालिका १४: आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण (रु. हजारमा) 50
तालिका १५: प्रक्षेपित आय संरचना (राजस्व सुधार कार्ययोजनाको कार्यान्वयनको आधारमा) (रु हजारमा) 54

परिच्छेद एक
परिचय

१.१ पृष्ठभूमि

यो राजस्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan - RIAP) प्रतिवेदन बाग्मती प्रदेश अन्तर्गत् सिन्धुपाल्चोक जिल्लाको मेलम्ची नगरपालिकाले तयार गरेको हो । यो प्रतिवेदनमा नगरपालिकाको राजस्व परिचालनको वर्तमान अवस्था अध्ययन तथा विश्लेषण गरी राजस्व सुधारका लागि गर्नुपर्ने कार्यहरूको पहिचान तथा सोका आधारमा आगामी ३ आर्थिक वर्षको राजस्व प्रक्षेपण गरिएको छ । राजस्व सुधार कार्ययोजनाले नगरपालिकाको राजस्व सुधारमा गर्नुपर्ने कार्यहरूलाई मार्गदर्शन गर्ने तथा सोको अनुगमनका लागि आधार दिनेछ । राजस्व प्रक्षेपणले नगरपालिकाको आगामी बर्षहरूको आय बजेट तयार गर्न आधार उपलब्ध गराउने छ । यस प्रतिवेदनमा निम्न विषयवस्तुलाई समेटिएको छ :

१. राजस्व सुधार कार्ययोजनाको परिचय
२. राजस्व परिचालनको वर्तमान अवस्था पुनरावलोकन
३. आन्तरिक आय सम्भावना विश्लेषण
४. राजस्व सुधार कार्ययोजना
५. आगामी ३ वर्षको आय प्रक्षेपण
६. निष्कर्ष तथा सुझाव
७. अनुसूची

राजस्व सुधार कार्ययोजना तर्जुमा कार्य मेलम्ची नगरपालिकाले आवश्यकता महसुस गरे बमोजिम सपोर्ट फर डेभलपमेण्ट ईनिसियटिभ्स कन्सल्टेन्सी प्रा.लि.(SDIC), काठमाडौंले प्राविधिक सहयोग उपलब्ध गराएको थियो । अध्ययनका क्रममा नगरपालिकाले राजस्व सम्बन्धी आवश्यक सूचना संकलन तथा कार्यशाला गोष्ठीहरूको आयोजना गरेको थियो ।

१.२ राजस्व सुधार कार्ययोजनाको औचित्य

नेपालको मूल राज्य सञ्चालन संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने तथा राज्यशक्तिको प्रयोग तीनै तहले गर्ने विद्यमान संवैधानिक व्यवस्था रहेको छ । संवैधानिक अधिकारभित्र रही स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय सरकारहरुलाई कार्य जिम्मेवारी तथा स्रोत परिचालन गर्न सक्ने उल्लेख्य अधिकार दिएको छ । स्थानीय सरकारले आ-आफ्नो क्षेत्रमा गर्ने सेवा प्रवाह तथा विकास निर्माणको क्षमतालाई बृद्धि गर्न आय परिचालन क्षमतामा पनि सुधार गर्न आवश्यक हुन्छ । यसका अतिरिक्त प्राकृतिक तथा अन्य मानवीय कारणले अकस्मात सिर्जना हुने प्रतिकूल परिस्थितिलाई सामना गर्नसक्ने गरी उत्थानशील हुन पनि आय परिचालन क्षमता सुदृढ हुनु पर्दछ ।

स्थानीय सरकार सञ्चालन ऐन तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐनले स्थानीय सरकारलाई संघ र प्रदेश सरकारबाट उपलब्ध हुने विभिन्न अनुदान तथा राजस्व बाँडफाँटका अतिरिक्त वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर, शुल्क तथा दण्ड जरिवाना जस्ता अधिकार प्रदान गरेको छ । साथै स्थानीय सरकारले अन्य स्वदेशी संघसंस्थाबाट अनुदान रकम प्राप्त गर्न सक्ने, नेपाल सरकारको पूर्वस्वीकृति लिएर वैदेशिक अनुदान वा सहयोग लिन सक्ने तथा नेपाल सरकारको सहमति लिएर वित्त आयोगले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने समेत व्यवस्था छ ।

स्थानीय सरकारलाई प्राप्त भएका वित्तीय अधिकारहरुलाई ऐनको प्रावधान अनुसार व्यवस्थित तथा न्यायोचित तरिकाले पूर्णरुपमा परिचालन गर्न थप प्रयास गर्नुपर्ने आवश्यकता महशुस भएको छ । यसको मुख्य कारणहरुमा

स्थानीय सरकारलाई प्राप्त कतिपय अधिकारहरु नयाँ भएकोले त्यसका लागि आवश्यक नीति तथा कार्यविधि, संगठनात्मक व्यवस्था, सूचना तथा तथ्यांकको स्थापना, आयको सम्भाव्यता अध्ययन, नियन्त्रण प्रणालीको स्थापना आदि व्यवस्था तथा अभ्यासको कमी हुनु रहेको छ ।

यस दस्तावेज तर्जुमाको क्रममा भएका प्रयासहरुमा नगरपालिकाका प्रतिनिधि, कर्मचारी तथा अन्य सरोकारपक्षहरूले राजस्व परिचालनको क्षेत्रमा आधारभूत अभिमुखीकरण, नगरपालिकाको आन्तरिक आय सुधारका लागि सहभागीतात्मक विधिवाट समस्या तथा अवसरहरूको पहिचान गरी मुख्य उपलब्धिका रुपमा नगरपालिकाको कार्ययोजना तयारी र आय सम्भाव्यताको विश्लेषण गरी नगरपालिकाको आय प्रक्षेपणलाई मार्गदर्शन जस्ता कार्यहरु रहेका छन् ।

संवैधानिक अधिकारभित्र रही स्थानीय सरकार संचालन ऐनले गाउँपालिका तथा नगरपालिकालाई आन्तरिक आय परिचालन गर्न सक्ने उल्लेख्य अधिकार दिएको भएता पनि ती अधिकारलाई ऐनको प्रावधान अनुसार व्यवस्थित तथा न्यायोचित तरिकाले पूर्णरुपमा परिचालन गर्न सकिरहेका छैनन्, जसको मूख्य कारणमा स्थानीय तहको संरचना नयाँ भएकोले त्यसका लागि आवश्यक नीति तथा कार्यविधि, संगठनात्मक व्यवस्था, सूचना तथा तथ्यांकको स्थापना, आयको सम्भाव्यता अध्ययन, आन्तरिक नियन्त्रण प्रणाली आदिको स्थापना तथा अभ्यासको कमी हुनु रहेको छ ।

राजस्व संकलन तथा परिचालन प्रकृयामा सुधारका लागि नगरपालिकाको नेतृत्वमा सहभागितामूलक पद्दति अवलम्बन गरी राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ । यस कार्यक्रमको उपलब्धीको रुपमा नगरपालिकाका प्रतिनिधि, कर्मचारी तथा अन्य सरोकारवालापक्षहरूलाई राजस्व परिचालनको क्षेत्रमा अभिमुखीकरण, आन्तरिक आय सुधारका लागि समस्या तथा अवसरहरूको पहिचान गरी कार्ययोजना तयारी तथा आयको प्रक्षेपणलाई मार्गदर्शन गर्ने दस्तावेज तयार हुनेछ ।

१.३ कार्यक्रमको उद्देश्य

मेलम्ची नगरपालिकाको आन्तरिक आयको विद्यमान अवस्था, आन्तरिक स्रोतको संभावना तथा देखिएका समस्याहरू न्यूनीकरण गर्न कार्ययोजना तयारी तथा सोका आधारमा आगामी ३ वर्षको आय प्रक्षेपणमा नगरपालिकालाई सहयोग पुऱ्याउनु नै यस कार्यक्रमको समग्र उद्देश्य हो ।

१.४ कार्यक्रमको क्षेत्र

यस कार्यक्रमले देहाय अनुसारका क्षेत्रहरु समेटेका छन् :

- नगरपालिकाको आय अधिकार तथा सुधार योजना सम्बन्धमा प्रमुख, उपप्रमुख, वडा अध्यक्षहरू, राजस्व परामर्श समिति, शाखा प्रमुखहरू, राजस्व प्रशासनमा संलग्न कर्मचारीहरू, प्रमुख राजनीतिक दल तथा उद्योग वाणिज्य संघका प्रतिनिधि र अन्य सरोकारवालाहरूलाई अभिमुखीकरण गर्ने ।
- शीर्षकगत रुपमा करका आधार तथा विगत तीन वर्षको आन्तरिक आयको अवस्थाको विश्लेषण गर्ने ।
- आन्तरिक आय वृद्धिको लागि आयका प्रमुख स्रोतहरूको सम्भावना र यथार्थ असुलीमा भएको फरकको पहिचान गर्ने ।
- राजस्व प्रशासनको नीतिगत, संस्थागत व्यवस्था, विलिङ्ग तथा आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गर्ने ।
- नगरपालिकाको आन्तरिक आय वृद्धिका सम्भावनाहरू पहिचान गरी आय सुधार कार्ययोजना र प्रक्षेपण सहितको आन्तरिक आय सुदृढिकरण कार्ययोजना तयार गर्ने ।

- नगरपालिकाको विद्यमान आर्थिक ऐन पुनरावलोकन गरी आवश्यक सुधारका लागि सुझाव उपलब्ध गराउने ।

१.५ कार्यक्रम संचालन विधि तथा प्रक्रिया

उल्लेखित कार्यका लागि सम्बन्धीत विभिन्न सन्दर्भ सामाग्रीहरूको अध्ययन, तथ्याङ्क तथा सूचना संकलनका लागि आवश्यक फारमहरूको विकास, तथ्याङ्क संकलन तथा विश्लेषण, सहभागितामूलक छलफल, कार्यशाला गोष्ठी तथा प्रस्तुतिकरण जस्ता विधिहरू प्रयोग गरिएको थियो । अध्ययनका क्रममा अवलम्बन गरिएको विधिहरूलाई देहाय अनुसार प्रस्तुत गरिएको छ :

१.५.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन

अध्ययन कार्यको प्रथम चरणमा परामर्शदाता समुहबाट विभिन्न स्रोतहरूबाट सन्दर्भ सामाग्रीहरू संकलन तथा पुनरावलोकन गरिएको थियो । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएको मूख्य सामाग्रीहरू **अनुसूची १** मा दिईएको छ ।

१.५.२ तथ्यांक/सूचना संकलन फारम तथा सूची विकास

सन्दर्भ सामाग्रीको अध्ययन तथा विश्लेषण पश्चात् परामर्शदाताहरूबाट तथ्यांक तथा सूचना संकलनका लागि आवश्यक फारमहरूको विकास गरिएको थियो । नगरपालिकाको राजस्व सुधार कार्यक्रमको सन्दर्भमा तथ्यांक संकलनको लागि प्रयोग गरिएको फारम **अनुसूची २** मा प्रस्तुत गरिएको छ ।

१.५.३ अभिमुखीकरण तथा योजना तर्जुमा कार्यशाला

नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यक्रम अन्तर्गत् नगरपालिकामा एक दिने कार्यशाला गोष्ठि संचालन गरिएको थियो । २०७६ फागुन १८ गते संचालित उक्त कार्यक्रममा नगरपालिकाका पदाधिकारीहरू, संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालयका उप सचिव, कर्मचारीहरू, प्रमुख राजनैतिक दलका प्रतिनिधिहरु, उद्योग वाणिज्य संघ र होटल व्यवसायी संघका प्रतिनिधिहरु तथा अन्य सरोकारवाला व्यक्तिरू गरी जम्मा .....जनाको सहभागीता रहेको थियो । दुई सत्रमा संचाति उक्त कार्यक्रमको पहिलो सत्रमा सहभागीहरुलाई नगरपालिकाको राजस्व परिचालन व्यवस्था सम्बन्धी अभिमुखीकरण गरिएको थियो भने दोस्रो सत्रमा सहभागीतमूलक रुपमा नगरपालिकाको राजस्व सुधारका लागि आवश्यक कृयाकलापहरुको पहिचान गरि सो को कार्ययोजना मस्यौदा गरिएको थियो ।

<u>पहिलो सत्र (राजस्व परिचालन सम्बन्धी अभिमुखीकरण कार्यक्रम):</u>

नगरपालिकाका प्रमुख श्री डम्बर बहादुर अर्यालले पानसमा बत्ती बालेर कार्यक्रमको उद्घाटन गर्नु भएको थियो । उक्त कार्यक्रम नगर प्रमुखकै अध्यक्षतामा भएको थियो भने कार्यक्रमको संचालन नगरपालिकाका राजस्व उप-शाखा प्रमुख श्री राजेन्द्र दुलालले गर्नु भएको थियो ।

नगर उपप्रमुख तथा राजस्व परामर्श समितिका संयोजक श्री भगवती नेपालले कार्यक्रमको आवश्यकता र उद्देश्य माथि प्रकाश पार्दै स्वागत मन्तव्य व्यक्त गर्नु भएको थियो । उद्घाटन कार्यक्रमको अन्त्यमा नगर प्रमुखज्यूले समापन मन्तव्य व्यक्त गर्दै परामर्शदातलाई फ्लोर हस्तान्तरण गर्नु भएको थियो ।

कार्यक्रमको उद्घाटन पश्चात्को प्राविधिक सत्र परामर्शदाताहरूले सहजीकरण गर्नु भएको थियो । राजस्व सुधार कार्य योजनाको परिचय, आवश्यकता र तर्जुमा विधिमा प्रस्तुती र छलफल गर्दै नगरपालिकाले हाल राजस्व परिचालनमा भोगिरहेका समस्याहरु के के हुन् भनी सहभागीहरुलाई आफना कुरा राख्न आग्रह गरिएको थियो । सहभागीहरूबाट मेटाकार्ड मार्फत् संकलन गरिएको समस्याहरूको सारांश देहाएअनुसार रहेको छ :

- *सम्पत्ति कर सम्बन्धी अन्यौल हुनु ।*
- *अनुमान गरिएको सबै राजस्व शीर्षकहरुबाट कर संकलन नहुनु ।*
- *घरजग्गा बहाल कर र व्यवसाय कर संकलन प्रभावकारी नहुनु ।*
- *मालपोत करको दरको वर्गिकरण धेरै भएकाले कर प्रशासनमा जटिलता ।*
- *आय स्रोत प्रमाणित शुल्क अधिक भई विशेषतः विदेशजाने विद्यार्थीलाई समस्या ।*
- *करदाता शिक्षा कार्यक्रम तथा बढी तिर्ने करदातालाई प्रोत्साहन गर्ने नीति नहुनु ।*
- *व्यवसायीहरुले धेरै तिर कर तिर्नुपर्ने भई मर्कामा परेको गुनासो ।*
- *करदातालाई राजस्व भुक्तानीमा असहजता (भौगोलिक दुरी) ।*
- *सडकको मापदण्डमा परेका घरहरुको अभिलेखीकरण तथा नक्सा पास सम्बन्धमा समस्या रहेको ।*
- *केही राजस्वका शिर्षक र सोको दर आर्थिक ऐनमा उल्लेख नहुदा संकलनमा समस्या ।*
- *जनतालाई राजस्वका विभिन्न पक्षहरबारे जानकारी नहुनु तथा नगरपालिकाले स्पष्ट गर्न नसक्नु आदी ।*

तत्पश्चात् स्थानीय तहको राजस्व अधिकारका सैद्धान्तिक तथा कानूनी र प्रशासनिक पक्षहरूको प्रस्तुति र त्यसमाथि छलफल भएको थियो । नगरपालिकाका आन्तरिक आयका मूख्य स्रोतहरू, तिनको सम्भाव्यता तथा हालको परिचालनको अवस्था साथै सुधार गर्नुपर्ने पक्षहरूमा समेत छलफल भएको थियो ।

<u>दोस्रो सत्र (राजस्व सुधार कार्ययोजना मस्यौदा तर्जुमा):</u>

दोस्रो सत्रको कार्यक्रम नगरपालिकाको राजस्व सुधारका उपायहरू खोजी गर्नेमा केन्द्रित थियो । कार्ययोजनाको तथ्यांक तथा अन्य प्राविधिक पक्षहरूलाई समेटी संचालन गरिएको कार्यक्रममा सहभागीहरूलाई निम्न चार समूहमा विभाजन गरी राजस्व सुधारका लागि गर्नुपर्ने क्रियाकलापहरू पहिचान गरी कार्ययोजना बनाउन समूह कार्य गराइएको थियो :

समूह १ : राजस्वका शीर्षकगत दर, दायरा तथा प्रक्षेपण

समूह २ : कर राजस्व सुधार योजना

समूह ३ : गैरकर राजस्व सुधार योजना (नयाँ क्षेत्र समेत)

समुह ४ : राजस्व प्रशासन (आयको लगत अभिलेख तथा संकलन, संगठन र समन्वय)

समूहलाई निष्कर्षमा पुग्न सहजकर्ताहरूबाट आवश्यक सहयोग प्रदान गरिएको थियो । समूह नेताले समूह कार्यको निश्कर्ष प्रस्तुत गर्न लगाई सो माथि छलफल गरी सुझाव संकलन गरिएको थियो । समूह कार्यका लागि कार्ड, चार्टलाई उपयोगमा ल्याइएको थियो ।

उल्लेखित चारवटै समूहले गरेका प्रस्तुति उपर अन्य समूहका सहभागीहरु तथा परामर्शदाताहरुबाट आवश्यक सुझाव सल्लाहहरु प्रदान गरिएको थियो । प्रस्तुति संगै परामर्शदाता समूहले यसलाई थप परिमार्जन गरी अन्तिम मस्यौदा तयार गर्ने जाकारी गराउदै प्राविधिक सत्र सम्पन्न भएको थियो ।

नगरपालिकाका राजस्व उप-शाखा प्रमुख श्री राजेन्द्र दुलालले संचालन गर्नु भएको समापन सत्रमा केही सहभागीहरुले नगरपालिकाको राजस्व परिचालनका सन्दर्भमा आफ्ना विचारहरु व्यक्त गर्नु भएको थियो । अन्त्यमा यस कार्यक्रममा सहयोग पुऱ्याउनुहुने तथा अर्थपूर्ण सहभागीताका लागि सम्पूर्ण सहभागीहरुलाई धन्यवाद दिंदै कार्यक्रमको अध्यक्षता गरिरहनु भएका नगर प्रमुख ज्यूले कार्यक्रम समापन गर्नु भएको थियो । कार्यशालाको कार्यक्रम तालिका तथा उपस्थिति विवरण **अनुसूची ३** मा प्रस्तुत गरिएको छ ।

१.५.४ वडा कार्यालयको स्थलगत अध्ययन तथा अवलोकन

वडा कार्यालयको राजस्व प्रशासनको अवस्था सम्बन्धी जानाकारी हासिल गर्ने तथा आवश्यक तथ्यांक संकलन गर्ने उद्देश्यका साथ २०७६ फागुन २३ गतेका दिन परामर्शदाताका तर्फबाट विषय विज्ञ र नगरपालिकाका राजस्व उप शाखा प्रमुख सहितको टोलीले नगरपालिकाको वडा नं. १ र वडा नं. ११ को कार्यालय पुगी अध्ययन अवलोकन गरेको थियो । उक्त अध्ययन अवलोकनको सन्दर्भमा वडा कार्यालयका सचिवज्यू तथा कर्मचारीहरुले आवश्यक समन्वय तथा सहयोग गर्नु भएको थियो । अध्ययन अवलोकनमा निम्न पक्षहरुमा छलफल तथा आवश्यक सूचना तथा जानकारीहरु संकलन गरिएको थियो :

- *वडा कार्यालयको भौतिक अवस्था र कर्मचारीको व्यवस्था ।*
- *वडा कार्यालयमा भएको राजस्व प्रशासनको व्यवस्था र भोगिएका समस्याहरु ।*
- *करदाताहरुको व्यवहार र गुनासो ।*
- *कर असुली र विलिङ प्रणाली आदि ।*
- *चालु आ.व.को माघ मसान्त सम्म विभिन्न शीर्षकहरुमा संकलित राजस्व रकम ।*

१.५.५ तथ्यांक/सूचना संकलन

अध्ययनका क्रममा परामर्शदाताद्वारा नगरपालिकाको वेभ साईट, विभिन्न शाखाहरू, सरोकारवाला पक्षहरू, स्थलगत अध्ययन तथा अवलोकनबाट आवश्यक सूचनाहरू संकलन गरिएको थियो । यसका अलावा नगरपालिकाका राजस्व उपशाखा प्रमुखले आवश्यक तथ्यांकहरू संकलन गरी उपलब्ध गराउनु भएको थियो । अध्ययनका क्रममा निम्न क्षेत्रगत तथ्यांक एवं सूचनाहरू संकलन गरिएको थियो :

- राजस्वको प्रशासनिक व्यवस्था तथा सूचना प्रवाह सम्बन्धी विवरण ।
- गत वर्ष तथा चालु वर्षको हाल सम्मको यथार्थ आय विवरण ।
- चालु वर्षको आर्थिक ऐन तथा बजेट ।
- आन्तरिक आय संकलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण ।
- आन्तरिक आय संकलनको संभावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्यांक तथा सूचना ।

१.५.६ तथ्याङ्क विश्लेषण तथा मस्यौदा प्रतिवेदन तयारी

समूहगत छलफल, अध्ययनबाट प्राप्त तथ्यांक तथा सूचनाहरूलाई विभिन्न तथ्यांकीय औजारहरू तथा विधिहरूको प्रयोग गरी विश्लेषण गरिएको छ । यसरी प्राप्त नतिजा तथा जानकारीहरूलाई तालिकामा प्रस्तुत गरी राजस्व सुधार कार्ययोजनाको यो मस्यौदा तयार गरिएको हो । यस मस्यौदा प्रतिवेदन अध्ययन गरि आवश्यक सल्लाह तथा सुझावहरु प्रदान गर्नका लागि नगरपालिका समक्ष पेश गरिएको छ ।

१.५.७ मस्यौदा प्रतिवेदन उपर छलफल

.....

१.५.८ प्रतिवेदनलाई अन्तिम रुप प्रदान तथा पेश

.....

१.६ अध्ययनको सीमा

नगरपालिकाको राजस्व सुधार कार्य योजना क्षेत्र व्यापक रहेको भएता पनि सीमित स्रोत साधन, पर्याप्त सूचनाको अभाव, सीमित समयका कारण यस अध्ययनका सीमाहरू देहाय अनुसारका रहेकाछन् :

- अध्ययन तथा विश्लेषण कार्य प्रमुख रुपमा कार्यालयको अभिलेख, दस्तावेज प्रतिवेदन तथा द्वितीय स्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूलाई आधार लिइएको छ । यसका अतिरिक्त नगरपालिकाका सम्बन्धीत प्रतिनिधिहरू, कर्मचारीहरू तथा अन्य सरोकारपक्षहरूसंग भएको छलफलबाट प्राप्त सूचनाहरू समावेश गरिएको छ ।
- नगरपालिकाको आन्तरिक आय तथा स्रोत परिचालन सम्बन्धी अध्ययनको लागि उपलब्ध गराइएको फाराम अनुसार प्राप्त तथ्याङ्कहरू विभिन्न कार्यालयहरूको अभिलेख तथा आंशिक स्थलगत अध्ययनवाट संकलन गरिएको छ । तथ्यांक संकलनको लागि विस्तृत् स्थलगत सर्भेक्षण कार्य भएको छैन ।
- नगरपालिकाको जनसंख्या तथा आर्थिक गतिविधिमा हुने वृद्धि, नगरपालिकाको सेवामा हुने वृद्धि र नागरीक संन्तुष्टिमा हुने वृद्धि आदि पक्षहरूले भविष्यको राजस्व संकलनमा असर गर्ने भएता पनि यी तथ्यांकहरू उपलब्ध नभएकोले आय प्रक्षेपणमा आधार लिन सकिएको छैन ।

परिच्छेद दुई
राजस्व परिचालन सम्बन्धि नगरपालिकाको विद्यमान अवस्था

मेलम्ची नगरपालिकाको राजस्व परिचालनसंग सम्वन्धित आन्तरिक तथा वाह्यपक्षहरुलाई यस परिच्छेद अन्तर्गत विश्लेषण गरिएको छ । विशेषतः नगरपालिकाको परिचय, आन्तरिक आय परिचालनको विद्यमान अवस्था र हालका मुख्य मुद्दाहरूलाई छोटकरीमा व्याख्या गरिएको छ । यसले नगरपालिकाको आय संकलनको लागि संस्थागत क्षमतामा सुधारका लागि गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुग्नेछ ।

२.१ नगरपालिकाको संक्षिप्त परिचय

अवस्थिति

मेलम्ची नगरपालिका विश्वमान चित्रमा ८५°४४८' देखि ८५°६४९' पूर्वी देशान्तर र २७°७४४' देखी २७°८९८' उत्तरी अक्षांशसम्म फैलीएर रहेको नेपालको बागमति प्रदेश अन्तर्गत सिन्धुपाल्चोक जिल्लाको दक्षिणपश्चिम भागमा अवस्थित नगरपालिका हो । १३ वटा वडामा विभाजन भएको यस नगरपालिकाको कुल क्षेत्रफल १६०.६३ वर्ग कि.मि रहेको छ । यस नगरपालिकाले नेपालको कुल भु भागको ०.११५% र सिन्धुपाल्चोक जिल्लाको ६.३१५ प्रतिशत भु भाग ओगटेको छ । यसको पूर्वमा ईन्द्रावती गाँउपालिका, पश्चिममा काठमाण्डौं जिल्लाको शंखरापुर नगरपालिका र नुवाकोट जिल्लाको शिवपुरी गाँउपालिका, उत्तरमा हेलम्बु र पाँचपोखरी थाङपाल गाँउपालिका तथा दक्षिणमा काभ्रेपलाञ्चोक जिल्लाको मण्डनदेउपुर नगरपालिका रहेको छन् । यस नगरपालिकाको केन्द्र मेलम्ची बजारमा रहेको छ जुन राजधानी काठमाडौंको पुरानो बसपार्कबाट भोटेचौर सडकको करिब २८ कि.मी.को दुरीमा रहेको छ र राजनैतिक हिसाबले महत्वपूर्ण सडक जिरोकिलो मेलम्ची हेलम्बु सडकले पनि जोडिएको छ । सिन्धुपाल्चोक जिल्लाको प्रमुख तथा महत्वपूर्ण ईद्रावती नदी तथा मेलम्ची खोलानालाहरू रहेका छन् ।

नगरपालिकाको गठन

नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७१ मंसिर १६ गतेको निर्णयमा जिल्लाको साविकका गा.वि.स हरु सिन्धुकोट, तालामराङ, ज्यामिरे, शिखरपुर, मेलम्ची, बाँसबारी र फटकशिला समावेश गरेर मेलम्ची नगरपालिका गठन भएको थियो तर फेरी मिति २०७३ फाल्गुन २७ गतेको मन्त्रिपरिषदको निर्णयमा भोटेचौर, हैवुङ, थकनी र दुवाचौर गा.वि.सहरुलाई पनि मेलम्ची नगरपालिकामा गाभि मेलम्ची नगरपालिका नै भयो । जम्मा १३ वटा वडाहरूमा विभाजित यस नगरपालिकामा २०६८ सालको जनगणना अनुसार कुल घरधुरी ११,८३२ र जनसंख्या ५८,८१४ जना रहेको छ । यस नगरपालिकामा जनघनत्व ३३६ व्यक्ति प्रति वर्ग कि.मि र औषत परिवार ४.४७ जना रहेको छ ।

आर्थिक तथा सामाजिक अवस्था

यस नगरपालिकामा ४६४ कि.मी. कच्ची सडक, ६० कि.म. ग्राभेल सडक, १३ कि.मी. कालो पत्रे र ०.६ कि.मी आर.सि.सि सडक रहेका छन् (स्रोतः नगर प्रोफाईल) । यसै नगरपालिका केन्द्र हुदै जिरोकिलो मेलम्ची हेलम्बु सडक गएको छ । जसले नगरपालिकाका मुख्य व्यापारीक क्षेत्रहरू तथा वडाहरूलाई जोड्ने काम गर्दछ । यसका अतिरिक्त नगरपालिका क्षेत्रभित्र वडा तथा वस्ती जोड्ने अन्य ग्राभेल तथा कच्चि सडकहरू रहेका छन् ।

यस नगरपालिका क्षेत्रका मुख्य वजार केन्दहरूमा भोटेचौर, निभगाँउ, माथिल्लो जैसीगाँउ, डाँठाथोक, मेलम्ची, पोखरेटोल, गोरखनाथटोल, लाभगाँउ, ज्यामिरे, सुनखानी, रातामाटा, रोटेपिङ्गडाँडा तथा ढाँडवेसी हुन् । यस

नगरपालिकाको बढ्दो शहरिकरणको आवश्यकतालाई यी बजार केन्द्रहरूले विभिन्न मालसामान तथा सेवाहरू आपूर्ती गरिरहेका छन् । विशेषगरि मेलम्ची र भेटेचौर क्षेत्रामा व्यापारिक केन्द्रको रुपमा विकसित हुदै गएको छ । स्तरीय होटल, हार्डवयर, इलेक्ट्रोनिक डिलरहरू, रेडीमेड कपडा, मनि ट्रान्सफर, बैक तथा वित्तिय संस्थाहरू, र अन्य सप्लायर्सहरू समेतको संख्या वृद्धि भइरहेको छ । हालसम्म यस नगरक्षेत्रमा ३ वटा वाणिव्य बैंकहरू र २ वटा विकास बैंक र सहकारी १४२ वटा सहकारी संस्थाहरु रहेका छन् । यस नगरपालिका २/२ वटा एफ.एम तथा केवल टेलिभिजन स्टेसन रहेको छ । जिल्ला घरेलु तथा साना उद्योग विकास समितिका अनुसार आ.व २०७३/७४ अनुसार यस नगरक्षेत्रमा उत्पादन मुलक उद्योगमा ६६ वटा दर्ता भएका छन् भने पसल तथा खुद्रा व्यवसायमा ११९ वटा दर्ता भएका छन् ।

मेलम्ची नगरपालिकामा वसोवास गर्ने मुख्य जाति तामाङ्ग, क्षेत्री, ब्राह्मण, दलित, नेवार रहेका छन् । यस क्षेत्रको मुख्य आर्थिक क्रियाकलापमा कृषिमा आधारित छ । यस बाहेकका आर्थिक क्रियाकलापमा व्यापार व्यवसाय, सरकारी सेवा र अन्य सेवामुलक रोजगारी रहेका छन् । अन्य स्थानहरूबाट बसाई सर्दै आउने कम बढ्दै गएको र नगरपालिकाले समेत पूर्वाधारहरूमा लगानी बढाँउदै लगेकाले विस्तारै यस नगरको बजार क्षेत्रसंगै आर्थिक गतिविधि बढ्दै गईरहेको छ । आगमी दिनमा यस नगरपालिका एक महत्वपूर्ण आर्थिक केन्द्रको रुपमा स्थापित हुने सम्भावना देखिन्छ ।

प्राकृतिक सम्पदा तथा हावापानी

मेलम्ची नगरको तल्लो भू भाग २००० मिटर भन्दा सम्म अर्ध उष्ण हावापानी पाइन्छ भने माथिल्लो भूभागमा २००० भन्दा माथि शितल समशीतोष्ण हावापानी पाइन्छ । यस क्षेत्रमा वर्षायाममा १७२८ मिलिलिटर वर्षा हुन्छ भने वार्षिक औषत तापक्रम २०.८ डिग्री सेल्सियस हो भने जाडोयाममा औषत तापक्रम १३.३ डिग्री सेल्सियस हो रहन्छ (स्रोतः Climate data org.)। आ.व २०७३/७४को अन्तसम्म यस नगरपालिकामा कूल २१९८ हे. क्षेत्रफल सहित ७९ वटा सामुदायिक वन रहेको छ(स्रोतः वस्तुस्थिती विवरण) । खोटो जडिबुटीहरू र अन्य काष्ठ तथा गैरकाष्ठ उत्पादनहरू वनक्षेत्रवाट हुने मुख्य उत्पादन हुन् भने नगरपालिका क्षेत्रमा रहेका खोलानालावाट उत्पादित खोलाजन्य उत्पादनका खानीहरू अर्को प्राकृतिक सम्पदाको रुपमा रहेको छ ।

धार्मिक, साँस्कृतिक एवंम् पर्यटकीय सम्पदा

धार्मिक, साँस्कृतिक एवम् पर्यटकिय दृष्टीकोणले समेत यो नगरपालिका महत्वपुर्ण रहेको छ । ईन्द्रावती र मेलम्ची नदी आफैंमा धार्मिक महत्व बोकेको नदि हो । विभिन्न धर्म तथा जातजातीका बसोबास रहेको यस नगरपालिका क्षेत्रमा विभिन्न मन्दिर, चर्च तथा गुम्बाहरू रहेका छन् । विभिन्न किसिमका जातजाती तथा समुदायका परम्परा र रहन सहन बोकेको यस नगरपालिकाले समय समयमा आफ्ना रितिरिवाज तथा रहनसहनलाई विभिन्न कार्यक्रम मार्फत् प्रस्तुत गर्ने गरेको पाईन्छ ।

यस नगर क्षेत्रभित्र इतिहास बोकेका मन्दिरहरु त्रिवेणी सिद्धेश्वर, जलपादेवी, कालिका, वत्शला, कोतदेवी, धोलेश्वर, सुन्दरीदेवी, भिमसेनथान, पञ्चकन्या, क्षेत्रपाल भूमेस्थान, ईन्द्रश्वरोवर मन्दिर तथा डाँडाथोक माने, सल्लेमाने, सम्तिनासाङ गुम्बा, धउले गुम्बा आदि प्रमुख धार्मिक स्थलहरु हुन् । पताल गुफा, मौरी गुफा, धोनी छांगो, चमेरो गुफा, आकाशे झरना, चिया वगान, किवी खेती, माछा फामथाना झञ्ज्याङ्ग, धौले डाँडा आदि पर्यटकिय स्थलहरु रहेका छन् ।

२.२ नगरपालिकाको विद्यमान राजस्व प्रशासन

२.२.१ राजस्व प्रशासनमा सम्लग्न मानव संसाधन

यस नगरपालिकाकाको राजस्व परिचालनको लागि नीतिगत सुझाव तथा अनुगमनका लागि उपप्रमुखको संयोजकत्वमा निजी क्षेत्रको प्रतिनिधित्व गर्ने उद्योग तथा वाणिज्यसंग सम्वन्धित संस्थाहरुको प्रतिनितिहरु समेत रहेको छ सदस्यीय राजस्व परामर्श समितिको गठन भै कार्यरत रहेको छ ।

तालिका १: राजस्व परामर्श समिति

क्र.सं.	नाम	पद	समिति/जिम्मेवारी
१	श्री भगवती नेपाल	उपप्रमुख	संयोजक
२	श्री कुमार प्रसाद कोईराला	प्रमुख प्रशासकीय अधिकृत	सदस्य
३	श्री भक्त बहादुर खड्का	वडा अध्यक्ष (वडा नं. १०)	सदस्य
४	श्री पार्वती वि.क.	कार्यपालिका सदस्य	सदस्य
५	श्री जगनाथ चालिसे	उद्योग वाणिज्य संघ	सदस्य
६	श्री पुस्कर धिताल	उद्योग वाणिज्य संघ	सदस्य
७		राजस्व उप-शाखा प्रमुख	सदस्य सचिव

स्थानीय राजस्व परामर्श समितिको गठन तथा काम कर्तव्य र अधिकार सम्बन्धी कानुनी व्यवस्था ***अनुसूची ४*** र राजश्व परामर्श समितिले राजस्व प्रक्षेपण गरि कार्यपालिकामा पेश गर्ने प्रतिवेदनको ढाँचा ***अनुसूची ५*** मा प्रस्तुत गरिएको छ ।

नगरपालिकाको विद्यमान संगठन संरचना अनुशार राजस्व प्रशासनकोलागि प्रशासन, योजना तथा अनुगमन शाखा अन्तर्गत एउटा राजस्व उप-शाखाको स्थापना गरिएको छ । उक्त उपशाखामा २ जना कर्मचारी (ना.सु. - १ तथा खरिदार - १) को दरबन्दी स्वीकृत गरीएता पनि हाल ना.सु १ जना (अन्य शाखाको जिम्मेवारी समेत) र मुखिया १ जना गरी २ जना कार्यरत रहेका छन् । राजस्व उप-शाखामा कार्यरत कर्मचारीको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका २: राजस्व उप-शाखामा कार्यरत कर्मचारीह□को विवरण (२०७६ फाल्गुण)

क्र.सं.	पद	कार्यरत संख्या
१	सहायक स्तर पाँचौ	१
२	मुखीया	१
	जम्मा	**२**

२.२.२ राजस्व परिचालनको प्रशासनिक/प्रकृयागत व्यवस्था

संगठन संरचनामा यस नगरपालिकाले प्रशासन, योजना तथा अनुगमन शाखा अन्तर्गत् रहने गरी राजस्व उपशाखा गठन गरि राजस्व परिचान संग सम्बन्धित सम्पुर्ण कार्यहरु सोही उपशाखा मार्फत् गर्दै आईरहेको छ । स्थलगत अवलोकन तथा विभिन्न सूचनाका आधारमा हेर्दा हाल नगरपालिकाको राजस्व परिचालनको प्रशासनिक व्यवस्था देहायअनुसार रहेको छ :

- राजस्व उपशाखामा हाल सहायक पाचौ १ जना र मुखिया १ जना गरी २ जना कार्यरत रहेको ।
- राजस्व उपशाखाका लागि बेग्लै कार्यकक्ष तथा भौतिक सुविधा (कम्प्युटर, प्रिन्टर, सफ्फट्वेयर तथा फर्निचर रहेको) ।
- राजस्व उपशाखा तथा उक्त उपशाखाका कर्मचारीले गर्नुपर्ने कामहरुको कार्यविवरण नरहेको ।

- उपशाखामा विगत आ.व.मा संकलन भएका राजस्व सम्बन्धी तथ्यांक, विभिन्न आर्थिक वर्षहरुको राजस्व बजेट, विभिन्न ठेक्का प्रक्रृयाका दस्तावेजहरु, राजस्व परिचालन संग सम्बन्धित ऐन, कानुन तथा कार्यविधिहरु जस्ता आवश्यक तथ्यांक तथा दस्तावेजहरु व्यवस्थित रुपमा राखिएको ।
- नगरपालिकाले चालु आ.व.को पौष महिना देखि राजस्व संकलनका लागि नेपाल सरकार (भवन विभाग अन्तर्गत्को कार्यक्रम) द्वारा निर्मित् सफटवेयर जडान गरी सोको प्रयोग शुरुवात गरेको ।
    - *नगरपालिका कार्यालय तथा सम्पुर्ण वडा कार्यालयहरूमा उक्त सफ्टवेयर पजडान गरी कम्प्युटर विलिङ्ग प्रणाली मार्फत् राजस्व संकलन गर्ने कार्यको थालनि गरिएको ।*
    - *विद्युत्त आपुर्तीको समस्याका कारण सम्पुर्ण वडाहरुमा कम्प्युटर विलिङ्ग प्रणाली लागु हुन नसकेको ।*
    - *नगरपालिका केन्द्र तथा वडा नं. १ ..... बाट कम्प्युटर विलिङ्ग प्रणालीबाट विलिङ्ग गरि राजस्व संकलन गरिएको ।*
    - *राजस्व सफ्टवेयर संचालन सम्बन्धी वडा कार्यालयका सम्बन्धित कर्मचारीहरु तथा राजस्व उपशाखाका कर्मचारीहरुलाई तालिम तथा अभिमुखिकरण कार्यक्रम कमि भएको ।*
    - *सफ्टवेयरमा राजस्वका शीर्षकहरू हाल नेपाल सरकारले व्यवस्था गरेको राजस्व कोड तथा शीर्षक अनुसार नभएकाले संकलन गरिएको राजस्वका शीर्षकहरू नमिलेको ।*
    - *करका शीर्षक अनुसार नगर सभाले निर्धारण गरेको दर प्रविष्टी नगरेकाले रसिद काट्ने बेलामा नै हातले प्रविष्टी गरीने हुदा झन्झटिलो र गल्ति हुने सम्भावना रहेको ।*
    - *सेवा शुल्क तथा बिक्रीको बेरलै महल तथा शीर्षक नखोलिएकाले यस किसिमको आयहरू विविध आय शीर्षकमा संकलन हुने गरेको ।*
- नगरपालिका कार्यालयबाट मुख्य निम्न शिर्षकका राजस्वहरु संकलन हुने गरेको:
    - *ठेक्का बन्दोवस्त भई संकलन हुने आय*
    - *नक्सापास दस्तुर*
    - *बोलपत्र बिक्री*
    - *घ वर्गको इजाजत दस्तुर*
    - *स्कुलको सिफारीश तथा अनुमती दस्तुर*
    - *वडा कार्यालयबाट नुहने सिफारीश दस्तुरहरु*
    - *जरिवाना आदी ।*
- उल्लेखित बाहेकका निम्न राजस्वहरु वडा कार्यालयले नै संकलन गर्ने गरेको:
    - *मालापोत कर*
    - *सम्पत्ति कर*
    - *व्यवसाय कर*
    - *घरजग्गा बहाल कर*
    - *घटना दर्ता विलम्ब शुल्क*
    - *सिफारीश तथा प्रमाणित दस्तुर*
    - *जरिवाना आदी ।*
- वडा कार्यालयहरुले संकलित रकम प्रत्येक हप्ता बैंक दाखिला गरि नगरपालिकाको राजस्व संकलन केन्द्रमा विवरण सहित भौचर बुझाउने गरेको ।

- राजस्व उपशाखाले मासिक रुपमा वडा कार्यालयहरू प्राप्त विवरणहरू समेत समावेश गरी शीर्षकगत रुपमा संकलित रकमको विवरण सहित बैंक भौचरहरू लेखा शाखामा बुझाउने गरेको ।
- मालपोत कर संकलनको अभिलेखका लागि बेग्लै फाईलको व्यवस्था नभएको । मालपोत कर संकलनको प्रशासन निकै कमजोर अवस्थामा रहेको ।
- सम्पत्ति करका करदाताहरूको फाईल तथा दैनिक काटीने रसिदहरू व्यवस्थित रुपमा फाईलिङ्ग नभएको ।
- राजस्व संकलनको स्पष्ट कार्यविधि नभएकाले राजस्व संकलन गर्दा शीर्षकहरू चयनमा अस्पष्टता रहेको । एउटै किसिमको आम्दानी पनि समय अनुसार फरक फरक शीर्षकमा प्रविष्टी हुने गरेको ।
- राजस्व संकलनको जिम्मेवारी सहित कार्यरत कर्मचारीहरूका लागि तालिम तथा अभिमुखीकरण नभएको ।
- नगरपालिकाले राजस्व परिचालनलाई प्रभावकारी बनाउने उद्देश्यका साथ निम्न प्रयासहरु भएका :
    - *आवश्यक ऐन, नीति, कार्यविधिको निर्माण*
    - *सम्पत्ति कर व्यवस्थापन तालिम संचालन*
    - *सम्पुर्ण वडा कार्यालयहरुमा राजस्व सचेतना तथा अभिमुखीकरण कार्यक्रम संचालन*
    - *राजस्व परिचालन सम्बन्धी समन्वय बैठकहरु सम्पन्न (बैंक तथा वित्तिय संस्थाहरु संग, जिल्लाका सिमा जोडिएका ४ वटा पालिकाहरुसंग अन्तरपालिकास्तरीय समन्वय बैठक)*

२.३ राजस्व परिचालन सम्बन्धी नगरपालिकाको कानुन तथा नीति

२.३.१ विद्यमान कानुनी व्यवस्था (ऐन, नियमावली तथा कार्यविधि)

मेलम्ची नगरपालिकाले राजस्व संकलनलाई कानुन सम्मत, न्यायोजित तथा व्यवस्थित गर्ने हेतुले राजस्व परिचालनसंग सम्बन्धित निम्न ऐन, नियमावली तथा कार्यविधिहरु निर्माण गरि कार्यान्वयन गरेको छ :

- आर्थिक ऐन, २०७६
- मेलम्ची नगरपालिकाको व्यवसाय दर्ता ऐन, २०७५
- सम्पत्ति कर लगाउने (कार्यविधि) सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५
- एफ.एम. रेडियो संचालन तथा व्यवस्थापन ऐन, २०७५
- मेलम्ची नगरपालिकाको सहकारी ऐन, २०७५
- मेलम्ची नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्त) सम्बन्धी कार्यविधि, २०७५
- व्याक हो लोडर संचालन कार्यविधि, २०७५
- घ वर्गको निर्माण व्यवसाय इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७४

२.३.२ विद्यमान नीतिगत व्यवस्था

नगरपालिकाको प्रभावकारी राजस्व परिचालनका लागि कार्यपालिका बैठकले नगर उप-प्रमुखको संयोजकत्वमा देहायअनुसार ६ सदस्यीय राजस्व परामर्श समिति गठन गरेको छ । उक्त राजस्व परामर्श समितिले विभिन्न छलफल तथा बैठकहरू सम्पन्न गरी चालु आ.व.का लागि राजस्वका दररेटहरू तथा राजस्व सम्बन्धी नीतिगत व्यवस्थाहरु प्रस्ताव गरि नगर सभा समक्ष पेस गरेको थियो । उक्त प्रस्तावित दररेट तथा अन्य व्यवस्थाहरुका आधारमा २०७६ असार १० गते सम्पन्न भएको नगरसभाले आ.व.२०७६।७७ का लागि आर्थिक ऐनका साथै नीति तथा कार्यक्रम पारित गरेको हो ।

यस नगरपालिकाले राजस्व परिचालन सम्बन्धी बैग्ले नीति तय गरेको नभएता पनि चालु आ.व.२०७६।७७ का लागि प्रस्तुत नीति तथा कार्यक्रमा आर्थिक विकास क्षेत्र अन्तर्गत् रहने गरि राजस्व सम्बन्धी देहायका नीति अबलम्बन गरेको छ:

- नेपालको संविधान २०७२ को आधारमा नगरपालिकाको आर्थिक ऐन निर्माण, संघ तथा प्रदेश सरकारसंग समन्वय तथा सहकार्य, जिल्ला समन्वय समितिसंग समन्वय, स्थानीय सरकार संचालन ऐन, २०७४ ले व्यवस्था गरेका काम, कर्तवय र अधिकारको सिमा भित्र रही प्रचलित ऐन कानुन तथा संघीय र प्रदेश सरकारद्धारा जारी गरिएका नीति, मागर्दशन र कार्यविधि बमोजिम राजस्व संकलनलाई व्यवस्थित गरी राजस्व अभिबृद्धि गरिनेछ ।
- नगरबासीहरुको आर्थिक क्षमता, उत्पादनको अवस्था र अन्य नगरपालिकाहरुले लागु गरेको करका दरको तुलनात्मक अध्ययन तथा प्रचलित ऐन नियमका आधारमा करका दरहरु निर्धारण गरिनेछ ।
- सेवाशुल्क निर्धारण गर्दा सामाजिक न्यायको आधारमा उपेक्षित वर्गका लागि सहुलियत हुने गरि तोकिए बमोजिम सेवाशुल्क निर्धारण गरिनेछ ।
- नगरपालिका र अन्तर्गतका सबै वडा कार्यालयमा सफ्टवेयर जडान गरी आर्थिक कारोबारलाई पारदर्शी एवंम व्यवस्थित गरिनेछ ।
- राजस्वको थप स्रोत पहिचान गरी आन्तरिक राजस्व बृद्धि गर्ने नीनि लिईनेछ ।
- राजस्व संकलन भार होईन, नगर समृद्धिको आधार हो भन्ने चेतना जागरण गराउन राजस्व सचेतना अभियान संचालन गरिनेछ ।
- आन्तरिक राजस्व बृद्धि गरी नगरलाई समृद्ध बनाउनको लागि २०७५ श्रावण १ गते दखि लागु गरिएको सम्पत्ति करलाई निरन्तरता दिइनेछ ।
- नगरपालिकाको आन्तरिक स्रोत र दायराको सम्बन्धमा विज्ञ समूहबाट अध्ययन गराई आन्तरिक राजस्व बढाउने नीति लिईनेछ ।
- स्थानीय उद्योग तथा व्यवसाय प्रवर्द्धन र रोजगारी सिर्जनामा टेवा पुर्‍याउने करदाता मैत्री कर नीति अवलम्बन गरिनेछ ।

२.४ विगतको आय संकलन तथा राजस्व संरचनाको अवस्था

मेलमची नगरपालिकाले आ.ब. २०७४।७५ देखि मात्र वर्तमान संवैधानिक व्यवस्था अनुसार आय परिचालन गरिआएकोले सो आ.ब.भन्दा अघीको आयलाई यस विश्लेषणमा समावेश गरिएको छैन । विगत २ बर्षको आयको तुलनात्मक विवरण हेर्दा राजस्वको लेखा प्रणालीमा समेत एक रुपता भएको देखिदैन । नगरपालिकाको राजस्वको लेखा बर्तमान राजस्व संकेतको वर्गिकरण र ब्याख्या अनुरुप सुधार गर्नुपर्ने आवश्यकता देखिन्छ ।

२.४.१ राजस्व संकलनको अवस्था

नगरपालिकाको विगत दुई बर्षको यथार्थ आय, चालु आ.व. २०७६।७७ को संशोधित अनुमान र माघ मसान्तसम्मको संकलित आयलाई तुलनात्मक रुपमा तलको तालिकामा देखाईएको छ ।

तालिका ३: नगरपालिकाको राजस्व संकलनको अवस्था (रु. हजारमा)

क.सं.	शिर्षक	यथार्थ		बृद्धि दर (प्रतिशतमा)	संसोधित अनुमान	माघ मसान्त सम्मको यथार्थ
		आ.व. २०७४।०७५	आ.व. २०७५।०७६		आ.व. २०७६।०७७	
क	**आन्तरिक राजस्व**	**१५,२०७**	**३५८,०३०**	**२,२५४**	**२८६,८१०**	**१७७,८९७**
१	**कर राजस्व**	**२,८९९**	**५,६००**	**९३**	**६,०१०**	**३,१९९**
१.१	सम्पत्ति कर	-	५७८		५५०	१५१
१.२	भूमी कर (मालपोत)	१,८७२	१,४८८		१,६५०	७४२
१.३	घरजग्गा बहाल कर	२२	१,३३०		१,४५०	९७२
१.४	विज्ञापन कर	४६	१००		११०	११०
१.५	व्यवसाय कर	९५९	२,१०४		२,२००	१,२२४
१.६	मनोरन्जन कर	-	-		५०	-
२	**गैर कर राजस्व**	**१२,३०८**	**३५२,४३०**	**२,७६३**	**२८०,८००**	**१७४,६९८**
२.१	शुल्क/सेवा शुल्क					
	बहाल विटौरी शुल्क	-	*२,८५४*		*३,५०५*	*१५५*
	वातावरणीय शुल्क	-	*८००*		*९००*	*२००*
	सडक मर्मत सम्भार शुल्क	-	*२१,६४२*		*११,१००*	*९,१५०*
	सवारी प्रवेश शुल्क	-	*६,७१७*		-	-
	प्रभावित क्षेत्र (क्रसर उद्योग बाट)	*५,९८२*	*७,२५०*		*६,८००*	*१,०५०*
	सेवा शुल्क	*२,६३८*	*३,९६५*		*४,०००*	*१,८९१*
२.२	ढुंगा, गिट्टी तथा बालुवाजन्य वस्तु बिक्री	-	२८५,५८६		२५१,६४५	१६१,०५६
२.३	दस्तुर	३,५३८	३,६२५		२,७५०	१,१८६
२.४	दण्ड, जरिवाना	-	८०५		१००	९
२.५	अन्य राजश्व (विविध आय)	१५०	१९,१८६		-	१
ख	**राजस्व बाँडफाँड तर्फ**	**-**	**१०५,७९२**		**२१०,७४०**	
१	घरजग्गा रजिष्ट्रेशन दस्तुर		-		४,०००	
२	बाँडफाँड भई प्राप्त हुने मु.अ.कर	-	७४,२८७		१०९,६००	
३	बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क					
४	बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर	-	३१,५०५		३९,६०६	
५	जिसस मौज्दात कोष बाँडफाँड	-	-		४०,५००	
६	प्राकृतिक स्रोत बापत जिसस बाट बाँडफाँड	-	-		१३,३९३	
७	प्राकृतिक स्रोतबाट प्राप्टहुने रोयल्टी	-	-		३,६४१	
ग	**अन्तर सरकारी वित्तीय हस्तान्तरण**	**५१०,५९२**	**६३६,७९१**	**२५**	**७२८,७६१**	
१	**संघीय सरकार**	**५१०,५९२**	**५७४,३२७**	**१२**	**६६३,६५८**	
१.१	वित्तीय समानिकरण अनुदान	२५२,१०५	२०६,६००	(१८)	१९९,४००	

क.सं.	शिर्षक	यथार्थ		बृद्धि दर (प्रतिशतमा)	संसोधित अनुमान	माघ मसान्त सम्मको यथार्थ
		आ.व. २०७४।०७५	आ.व. २०७५।०७६		आ.व. २०७६।०७७	
१.२	शसर्त अनुदान	१८१,४७१	२६१,२५५	४४	२८१,८८६	
१.३	समपुरक अनुदान	-	-		१२,७००	
१.४	विशेष अनुदान	-	-		१०,०००	
१.५	अन्य अनुदान	७७,०१६	१०६,४७२	३८	१५९,६७२	
२	**प्रदेश सरकार**	**-**	**६२,४६४**		**६५,१०३**	
२.१	समानिकरण अनुदान	-	८,५९९		१०,६१०	
२.२	शसर्त अनुदान	-	३८,६७०		१५,८५४	
२.३	समपुरक अनुदान	-	९,९९५		१९,९९९	
२.४	विशेष अनुदान	-	-		-	
२.५	अन्य अनुदान	-	५,२००		१८,६४०	
घ	**जन सहभागिता तर्फ**	**-**	**-**		**४,२८६**	
१	नगद सहभागिता	-	-		४,२८६	
२	श्रम तथा वस्तुगत सहायता	-	-		-	
	जम्मा राजस्व तथा अनुदान	**५२५,७९९**	**१,१००,६१३**	**१०९**	**१,२३०,५९७**	

विगत आ.व.को यथार्थ संकलनको आधारमा विश्लेषण गर्दा नगरपालिकाको आन्तरिक आयको संरचनामा प्रमुख तीन स्रोतहरूमा क्रमशः ढुंगा, गिट्टी तथा बालुवाजन्य वस्तु बिक्री, सेवा शुल्क र दस्तुर रहेका छन् ।

२.४.२ राजस्व संरचनाको अवस्था

नगरपालिकाको आन्तरिक आयको स्रोत अनुसारको संरचना तथा तिनको कूल आन्तरिक आयमा रहेको योगदान तलको तालिकामा देखाइएको छ ।

तालिका ४: आन्तरिक आयमा शीर्षकगत योगदान (रु. हजारमा)

आन्तरिक आय स्रोत	आ.व. २०७४।७५ (यथार्थ)		आ.व. २०७५।७६ (यथार्थ)		आ.व. २०७६।०७७ (अनुमान)	
	रकम	प्रतिशत	रकम	प्रतिशत	रकम	प्रतिशत
कर	२८९९	१९.०६	५६००	१.५६	६०१०	२.१०
शुल्क तथा सेवा शुल्क	८६२०	५६.६८	४३२२८	१२.०७	२६३०५	९.१७
दस्तुर	३५३८	२३.२७	३६२५	१.०१	२७५०	०.९६
बिक्री तथा अन्य विविध आय	१५०	०.९९	३०५५७७	८५.३५	२५१७४५	८७.७७
जम्मा आन्तरिक आय	**१५२०७**	**१००.००**	**३५८०३०**	**१००.००**	**२८६८१०**	**१००.००**

त्यसैगरि मेलम्ची नगरपालिकाको कुल राजस्व संरचनामा विभिन्न शिर्षकहरुको योगदान तल उल्लेखित तालिका ७ तथा रेखाचित्र १ मा प्रस्तुत गरिएको छ ।

तालिका ५: कुल राजस्वमा शीर्षकगत योगदान (रु. हजारमा)

राजस्व स्रोत	आ.व. २०७४।७५ (यथार्थ)		आ.व. २०७५।७६ (यथार्थ)		आ.व. २०७६।०७७ (अनुमान)	
	रकम	प्रतिशत	रकम	प्रतिशत	रकम	प्रतिशत
आन्तरिक आय	१५२०७	२.८९	३५८०३०	३२.५३	२८६८१०	२३.३१
राजस्व बाँडफाँड	०	०.००	१०५७९२	९.६१	२१०७४०	१७.१३
वित्तीय हस्तान्तरण तथा अनुदान	५१०५९२	९७.११	६३६७९१	५७.८६	७२८७६१	५९.२२
जनसहभागिता	०	०.००	०	०.००	४२८६	०.३५
जम्मा राजस्व	**५२५७९९**	**१००.००**	**११००६१३**	**१००.००**	**१२३०५९७**	**१००.००**

रेखाचित्र १: नगरपालिकाको कुल राजस्वमा शीर्षकगत योगदान



परिच्छेद तीन
नगरपालिकाको राजस्व अधिकार तथा आय सम्भाव्यता

यस परिच्छेदमा स्थानीय तहको राजस्व अधिकार सम्बन्धी कानुनी व्यवस्था र सो अनुसार नगरपालिकाको आन्तरिक आय परिचालनको सम्भाव्यतालाई शीर्षकगत रुपमा विस्तृत विश्लेषण गरिएको छ । यसबाट नगरपालिकाको आन्तरिक आय परिचालनको विद्यमान अवस्था तथा सम्भावनाको विस्तृत विश्लेषण भई पहिचान गरिएको मुद्दाहरूलाई राजस्व सुधार कार्ययोजनाले सम्बोधन गर्ने विश्वास लिइएको छ ।

३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन तथा अन्तरसरकारी वित्त व्यवस्थापन ऐनमा स्थानीय सरकारको राजस्व अधिकार सम्बन्धीका प्रावधानहरु यस शीर्षक अन्तर्गत् प्रस्तुत गरिएको छ ।

३.१.१ संवैधानिक व्यवस्था

नेपालको संविधान २०७२ को अनुसूची - ८ (स्थानीय तहको अधिकार सूची) को प्रावधान अनुसार स्थानीय तहलाई निम्नानुसार राजस्व अधिकार प्रदान गरेको छ :

- सम्पत्ति कर
- घर जग्गा बहाल कर
- घर जग्गा रजिष्ट्रेशन शुल्क
- सवारी साधन कर
- सेवा शुल्क, दस्तुर
- पर्यटन शुल्क
- विज्ञापन कर
- व्यवसाय कर
- भूमिकर (मालपोत)
- दण्ड जरिवाना
- मनोरञ्जन कर
- प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी

त्यसैगरी नेपालको संविधान २०७२ मा स्थानीय तहको राजस्व अधिकार सम्बन्धी निम्न धारामा थप प्रावधान देहाय अनुसार रहेको छ :

धारा २२८ : कर लगाउन वा ऋण लिन नपाईने

(१) कानून बमोजिम बाहेक कुनै कर लगाउन, उठाउन र ऋण लगाउन पाईने छैन ।

(२) आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा राष्ट्रिय नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकूल नहुने गरी कानून बनाई कर लगाउन सक्नेछ ।

धारा २३६ : अन्तर प्रदेश व्यापार

संविधानमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि एक प्रदेश वा स्थानीय तहबाट अर्को प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने वस्तुको ढुवानी वा सेवाको विस्तारमा कुनै किसिमको वाधा अवरोध गर्न वा कुनै कर, शुल्क,

दस्तुर वा महशुल लगाउन वा त्यस्तो सेवा वा वस्तुको ढुवानी वा विस्तारमा कुनै किसिमको भेदभाव गर्न पाईने छैन ।

३.१.२ कानुनी व्यवस्था

संघीय कानुन (**स्थानीय सरकार संचालन ऐन (स्थाससंऐ), २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन (असविव्यऐ), २०७४**) अनुसार स्थानीय तहलाई निम्नानुसार आय संकलन गर्ने अधिकार प्रदान गरिएको छ :

(क) नगरपालिकाको एकल अधिकारः

अ) कर

- ***सम्पत्ति करः*** आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा (स्थाससंऐ)
- ***भूमिकर (मालपोत):*** सम्पत्ति कर लागेको घरजग्गा वाहेकको अन्य जग्गामा (स्थाससंऐ)
- ***घर जग्गा बहाल करः*** कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा (स्थाससंऐ)
- ***व्यवसाय करः*** व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा (स्थाससंऐ)
- ***सवारी साधन करः*** टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सामा (असविव्यऐ)
- ***जडिबुटी, कवाडी र जीवजन्तु करः*** आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्यवसायिक उपयोग गरे बापत (स्थाससंऐ)

आ) शुल्क

- बहाल बिटौरी शुल्कः आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत (स्थाससंऐ)
- पार्किङ् शुल्कः आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत । (स्थाससंऐ)

इ) सेवा शुल्क

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, प्यारागलाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा । (स्थाससंऐ)
- आफूले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पुर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा सेवामा (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकीय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि) (स्थाससंऐ)
- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवा शुल्क (स्थाससंऐ)
- सिफारिश सम्बन्धी कुनै सेवा शुल्क (स्थाससंऐ) ।

ई) बिक्री गर्न सक्ने

- आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तु । (स्थाससंऐ)

- आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदि । (स्थाससंऐ)

उ) सामुदायिक वनबाट आय प्राप्त गर्ने

- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने । (स्थाससंऐ)
- वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने । (स्थाससंऐ)

ऊ) प्रचलित कानून बमोजिम गर्ने सिफारिश, दर्ता, अनुमति, नवीकरण आदिको शुल्क तथा दस्तुर

- दर्ता, अनुमति तथा नवीकरण दस्तुर (स्थाससंऐ दफा ११ को घ को ७)
  - *स्थानीय सहकारी संस्था*
  - *१०० वाट सम्मको एफएम रेडियो*
  - *घ वर्गको ठेक्का इजाजत*
  - *सामुदायिक, संस्थागत, गुठी, सहकारी विद्यालय*
  - *प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम*
  - *मातृ भाषामा शिक्षा दिने विद्यालय*
  - *ट्युसन, कोचिङ्ग*
  - *औषधि पसल*
  - *परिवार नियोजन तथा मातृ शिशु कल्याण सम्बन्धी सेवा*
  - *ढुङ्गा, गिट्टी, वालुवा, माटो र स्लेट जस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग*
  - *स्थानीय स्तरका व्यापारिक फर्म*
  - *स्थानीय तहका पत्र पत्रिका*
  - *जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्था, क्लिनिक*
  - *स्थानीय स्तरका संघ संस्था*
  - *इन्टरनेट, टेली सेन्टर, केवुल तथा तार विहिन टेलिभिजन*
  - *लघु घरेलु तथा साना उद्योग (कार्यजिम्मेवारी मापदण्ड, २०७६ मा प्रदेशको अधिकारमा रहेको)*
- नक्सा पास दस्तुर (स्थाससंऐ दफा ३३ को ४)
- दण्ड जरिवाना (असविव्यऐ)

(ख) प्रदेश तथा संघीय कानून अनुसार प्राप्त हुने (दफा ११ (४)) :

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी

स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहहरुलाई प्रदान गरेको राजस्व अधिकार स्थानीय तहले आर्थिक ऐन मार्फत राजस्वको दर तथा संकलनका अन्य आधारहरुको निर्धारण गरी सङ्कलन गर्नु पर्दछ । त्यसैगरी कर तथा शुल्क सङ्कलनकोलागि स्थानीय तहहरुले आवश्यक कार्यविधि तर्जुमा गर्न सक्दछन् ।

(ग) राजस्व बाँडफाँट (असविव्यऐ)

(अ) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतिय रिक्सामा सवारी साधन करको दर नगरपालिकाले लगाउने र उठाउने

(आ) घरजग्गा रजिश्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र नगरपालिकाले उठाउने ।

(इ) मनोरंजन करको दर प्रदेशले लगाउने र नगरपालिकाले उठाउने

(ई) विज्ञापन करको दर नगरपालिकाले लगाउने र उठाउने

- (आ), (इ) र (ई) बमोजिमको करवाट उठेको रकममध्ये ६० प्रतिशत रकम नगरपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।
- (अ) बमोजिम प्रदेशले लगाएको र उठाएको सवारी साधन कर करबाट उठेको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई बाँडफाँट गरिने ।

(उ) नेपाल सरकारले संकलन गरको मूल्य अभिवृद्धि कर र अन्तशुल्कबाट संकलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने ।

- आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँट हुने
- स्थानीय सञ्चित कोषमा मासिक रुपमा प्राप्त हुने

(ऊ) प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टिको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत

- प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टि बार्षिक रुपमा प्राप्त हुने

राजस्व बाँडफाँट अन्तर्गत संघीय सरकारवाट सङ्कलन भएको मूल्य अभिबृद्धि कर, अन्तशुल्क तथा प्राकृतिक स्रोतवाट प्राप्त रोयल्टी रकमको माथि उल्लेख भए बमोजिमको हिस्सा स्थानीय तहहरु बीच बाँडफाँट हुने व्यवस्था छ । उक्त रकम संघीय सरकारले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको प्रतिशतको आधारमा स्थानीय तहहरु बीच बाँडफाँड हुने व्यवस्था छ । त्यसैगरी प्रदेश सरकारले सङ्कलन गरेको सवारी करवाट प्राप्त रकमको ४० प्रतिशत रकम पनि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको प्रतिशतको आधारमा सम्वन्धित स्थानीय तहहरु बीच बाँडफाँट हुने व्यवस्था छ । यसका अतिरिक्त स्थानीय तहवाट संकलन भएको कर तथा शुल्कको ४० प्रतिशत रमक सम्वन्धित प्रदेशलाई पठाउनु पर्ने व्यवस्था छ ।

(घ) अनुदान

- ***वित्तीय समानीकरण अनुदान:*** खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिशमा संघ र प्रदेशबाट प्राप्त
- ***सशर्त अनुदान:*** कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त
- ***समपूरक अनुदान:*** पूर्वाधार बिकास सम्बन्धि कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त
- ***विशेष अनुदान:*** कुनै खास उद्देश्य र योजनाको लागि संघ र प्रदेशबाट

संघीय तथा प्रदेश सरकारवाट प्रदान गरिने वित्तीय समानिकरण अनुदान राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको प्रतिशतको आधारमा स्थानीय तहहरु बीच बाँडफाँट हुने व्यवस्था छ । त्यसै गरी संघीय तथा प्रदेश सरकारले आयोगले तोकेको आधार बमोजिम सशर्त अनुदान प्रदान गर्ने व्यवस्था व्यवस्था छ । समपूरक तथा विशेष अनुदानकोलागि स्थानीय तहहरुवाट प्राप्त हुने प्रस्ताव र अनुदान वितरण कार्यविधिको आधार संघीय तथा प्रदेश सरकारले अनुदान उपलब्ध गराउन सक्ने व्यवस्था रहेको छ ।

(ङ) वैदेशिक सहायता तथा आन्तरिक ऋण

- नेपाल सरकारको पूर्वस्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा बैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने
- नेपाल सरकारको सहमति लिएरमात्र वित्त आयोगले सिफारिस गरेको सिमा भित्र आन्तरिक ऋण लिन सक्ने
- नेपाल सरकारसँग मनासिब कार्यका लागि ऋण लिन सक्ने

उपरोक्त व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई ब्याख्या गरेको छ । स्थानीय तहले कानून बमोजिम वाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्न अनुसारका थप व्यवस्थाहरू रहेका छन् ।

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकूल असर नहुने गरी लगाउनु पर्ने (असविव्यऐ)
- कर नलाग्ने : कूटनीतिक नियोग, कूटनीतिज्ञ, वैदेशिक ऋण वा सहायताबाट संचालित परियोजनावाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र (स्थाससंऐ)
- सेवा शुल्क असुली कार्य आफै वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीवाट गर्न सक्ने (स्थाससंऐ)
- गैर करको दर निर्धारण गर्दा वस्तु वा सेवाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मान्नु पर्ने (असविव्यऐ)
- कर वा गैर कर राजस्वको प्रस्ताव तयार गर्दा वा भैरहेको कर वा गैर कर राजस्वमा परिवर्तन गर्नुपर्दा त्यसको आवश्यकता, औचित्य तथा तथा त्यसबाट पार्ने प्रभाव समेत उल्लेख गर्नु पर्ने (असविव्यऐ)
- राजस्व प्रस्ताव तयार गर्दा त्यस्तै विषयमा नेपाल सरकार, अन्य प्रदेश वा स्थानीय तहले लगाएका कर वा गैर कर र त्यसको दरसँग यथासम्भव तारतम्यता हुने गरी गर्ने (असविव्यऐ) ।

३.२ आन्तरिक आय संकलनका प्रमुख क्षेत्रहरुको विद्यमान अवस्था र सम्भावना

यस भागमा नगरपालिकाको आन्तरिक आय संकलनका प्रमुख क्षेत्रहरु परिचालनको विद्यमान अवस्था, सम्भावनाको शिर्षगत् रुपमा विश्लेषण गर्दै प्रभावकारी परिचालनका उपायहरुको खोजी गरिएको छ ।

३.२.१ कर राजस्व

(क) सम्पत्ति कर

नगरपालिकाले आ.व. २०७५।७६ देखि यो कर संकलन गरिरहेको छ । एकिकृत सम्पत्ति कर कार्यान्वयनका लागि सम्पत्ति कर लगाउने (कार्यविधि) सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ तर्जुमा गरि लागु गरेको छ । त्यसैगरि प्रभावकारी कार्यान्वयनका लागि सम्पत्तिकर व्यवस्थापन तालिम समेत संचालन गरेको छ ।

चालु आ.व. २०७६/०७७ को आर्थिक ऐनमा संरचनाको मुल्यांकनको आधारमा मात्र करको दर निर्धारण गरि सोही अनुरुप संकलन गरेको पाईन्छ । उक्त मुल्यांकनमा संरचनाको क्षेत्रफललाई मात्र आधार मानिएको छ भने ह्रासकट्टीको समेत व्यवस्था गरिएको छैन । जुन स्थानीय सरकार संचालन ऐन र नगरपालिकाको सम्पत्ति कर लगाउने सम्बन्धमा रहेको ऐनको प्रावधान संग मेल खादैन ।

आ.व. २०७५।७६ मा वडा कार्यालयहरु मार्फत् जम्मा ५ लाख ७८ हजार संकलन भएको थियो । चालु आ.व.का लागि रु. ५ लाख ५० हजार अनुमान गरिएकोमा माघ मसान्त सम्म जम्मा रु. १ लाख ५१ हजार मात्र संकलन भएको छ । यस नगरपालिकाले लागू गरेको भौतिक संरचनाको मूल्यांकनको दर र करको दर निर्धारमा जनताले बढी भयो भन्ने गुनासोहरु आउने गरेको छ ।

संभाव्यता:

यस नगरपालिकामा २०७४ सालमा गरिएको सर्भेक्षण अनुसार जम्मा ११९३२ घरधूरी रहेको देखिन्छ । यस क्षेत्रमा २०७४ साल पछि पनि भूकम्प प्रभावित तथा अन्य परिवारले करिब ५०० नयाँ घरहरु बनेको अनुमान छ ।

विद्यमान कानूनी व्यवस्थाले घर र घरले चर्चेको जग्गा र अधिकतम सो जग्गा बराबरको थप जग्गामा मात्र सम्पत्ति कर लाग्ने हुँदा उल्लेखित आधारमा करिब १२५०० घरधूरी रहेको अनुमानका आधरमा यस अध्ययनको प्रयोजनका लागि कूल सम्पत्ति करदाता संख्या कायम गरिएको छ । उल्लेखित आधारमा विश्लेषण गर्दा देहाय बमोजिक सम्पत्ति कर संकलन हुने सम्भावना देखिन्छ :

करदाता सम्बन्धी विवरण	करदाता संख्या (अनुमानित)	औसत करको दर (अनुमानित)	सम्भाव्य संकलन
३ करोड भन्दा बढी मुल्यको सम्पत्ति भएका करदाता	१००	५०००	५००,०००
०१ देखी ३ करोड मुल्यको सम्पत्ति भएका करदाता	१०००	२५००	२,५००,०००
०१ करोड सम्म मुल्यको सम्पत्ति भएका करदाता	११४००	५००	५,७००,०००
जम्मा	**१२५००**		**८७०००००

सुधारका पक्षहरू:

सम्पत्ति कर कार्यान्वयनका सम्बन्धमा नगरपालिकाले गर्नुपर्ने विषयहरु निम्नअनुसार रहेको देखिन्छ :

- नगरपालिकाको आर्थिक ऐनमा हाल भएको सम्पत्ति कर सम्बन्धी प्रावधानलाई विद्यमान संघीय कानून बमोजिम हुने गरी परिमार्जन गर्ने ।
- सम्पत्ति कर सम्बन्धी पदाधिकारी तथा कर्मचारीहरुमा तालिम संचालन गर्ने ।

- नगरपालिकाको क्षेत्र निर्धारण गरी सम्पत्ति मूल्यांकन दर र सम्पत्ति करको दर निर्धारण गर्ने । (घर जग्गा मूल्यांकनलाई बजार मुल्यका आधारमा अद्यावधिक गरी सम्पत्ति करको मूल्यांकन र घरजग्गा रजिष्ट्रेशनमा एउटै मूल्यांकन दर कायम गर्ने ।)
- सम्पत्ति कर कार्यान्वयनका लागि सम्पत्ति कर व्यवस्थापन कार्यविधिमा आवश्यक परिमार्जन गर्ने ।
- सम्पत्ति कर संकलन सफ्टवयेर परिमार्जन गर्ने ।

(ख) मालपोत वा भूमि कर

हालको अवस्था:

नगरपालिकाले भौतिक संरचनामा मात्र सम्पत्ति कर लागु गरेका कारण सम्पुर्ण जग्गाहरुमा मालपोत कर संकलन गरिरहेको छ । वडा कार्यालयहरु मार्फत् संकलन भईरहेको मालपोत करको अद्यावधिक विवरणहरु भने नगरपालिका तथा वडा कार्यालयहरुले राखेको देखिदैन । अघिल्लो आ.व.मा तिरको रसिदका आधारमा मालपोत कर संकलन गर्ने गरिएको र तिरेको रसिद हराएमा वा नतिरेको भएमा वडा कार्यालय अनुशार भिन्न भिन्न तरिकाले कर संकलन गरेको पाईन्छ ।

चालु आ.ब.का लागि नगरपालिकाले सडक र उत्पादकत्वको आधारमा जग्गाको वर्गिकरण गरि जग्गाधनिको स्वामित्वमा रहेको जग्गाको क्षेत्रफलका आधारमा चार-चार समूहमा वर्गीकरण गरी करको दर निर्धारण गरेको छ । हालको वर्गिकरण अनुशार कर संकलनमा कठिनाई रहेको भनाई वडा कार्यालयहरुको छ ।
आ.व. २०७५।७६ मा जम्मा रु. १४ लाख ८८ हजार संकलन भएको थियो । चालु आ.व.का लागि रु. १६ लाख ५० हजार अनुमान गरिएकोमा माघ मसान्त सम्म जम्मा रु. ७ लाख ४२ हजार मात्र संकलन भएको छ । नगरपालिका सम्म मालपोत योग्य जग्गा र सोको करदाता सम्बन्धी यकीन तथ्यांक नहुनुका साथै मालपोत संकलनको अद्यावधिक विवरण नभएकाले बक्यौता मालपोत कति हो भन्ने तथ्यांक उपलब्ध हुन सकेको छैन ।

संभाव्यता:

मालपोत योग्य जग्गा र सोको करदाता सम्बन्धी यकीन तथ्यांक उपलब्ध नभएको हुँदा नगरपालिकाको अनुमानित घरधूरी संख्या १२५०० लाई आधार मानी यो करको सम्भाव्यता यकीन गरिएको छ । एक घरधूरीमा एकभन्दा बढी व्यक्तिसँग जग्गाको स्वामित्व हुन सक्ने र केही जग्गाधनीले घर निर्माण नगरी घडेरी मात्र राख्ने तथा नगरपालिका बाहिरका बासिन्दाहरुको समेत जग्गा भएको अवस्थालाई समेत ध्यानमा राखी कूल घरधूरी १२५०० मा १०० प्रतिशत थप गरी करिब २५००० जना मालपोतका करदाता संख्या अनुमान गरिएको छ ।

कार्यशाला दौरान गरिएको छलफल तथा वडाकार्यालयहरुको स्थलगत अध्ययनका क्रममा प्राप्त जानाकारी आधारमा नगरक्षेत्रका जग्गाहरुलाई निम्नाअनुशार दुई क्षेत्र (शहरी र कृषि तथा अन्य क्षेत्र) मा वर्गिकरण गरि जग्गाको मुल्यको आधारमा मालपोत (भूमी कर) संकलन गर्न उपयुक्तहुने गरि निम्न प्रस्ताव गरिएको छ :

१. शहरी तथा मुख्य आवासिय क्षेत्र (बजार केन्द्र तथा मुख्य वस्तीहरुका जग्गा)

- करयोग्य जग्गाको क्षेत्रफल : करिब ३ वर्ग कि.मि. (अर्थात् करिब ५८९६ रोपनी)
- अनुमानीत औसत मुल्यांकन दर (प्रति रोपनी) रु. ५ लाख
- प्रस्तावित मालपोत दर : मुल्यांकन रकमको ०.०४ प्रतिशत

२. कृषि तथा अन्य क्षेत्र (माथी उल्लेखित बाहेकका जग्गा)

- करयोग्य जग्गाको क्षेत्रफल : करिब ८० वर्ग कि.मि. (अर्थात् करिब १५७२५१ रोपनी)
- अनुमानीत औसत मुल्यांकन दर (प्रति रोपनी) रु. १ लाख
- प्रस्तावित मालपोत दर : मुल्यांकन रकमको ०.०३ प्रतिशत

नोट : जग्गाको मूल्यांकन दर घरजग्गा रष्जिट्रेशन प्रयोजनको लागि गरिएको न्यूनतम दर लाई नै आधार मान्नु उपयुक्त

उल्लेखित आधारमा विश्लेषण गर्दा मालपोत संकलनको सम्भावना देहाय अनुसार रहेको छ :

तालिका ६: भूमिकर (मालपोत) को सम्भाव्यता विवरण

क.सं.	जग्गाको किसिम	कर योग्य अनुमानित क्षेत्रफल (रोपनी)	औसत मूल्यांकन दर प्रति रोपनी (अनुमानीत)	कुल सम्भाब्यता रु
१	शहरी तथा मुख्य आवासीय क्षेत्र	5,896	500,000	1,179,200
२	कृषी तथा अन्य क्षेत्र	157,251	100,000	4,717,530
	जम्मा	**163,147**		**5,896,730**
			cf};t k|lt /f]kgL s/sf] b/	***36***
			cf};t k|lt s/bftf s/sf] b/ -hDdf 25 xhf/ s/bftf cg'dfg_	***235***

सुधारका पक्षहरू:

नगरपालिकामा भूमि तथा करदाता सम्बन्धी विस्तृत र यकीन तथ्यांक उपलब्ध छैन । यसकारण भूमि र करदातासम्बन्धी विस्तृत र यकीन तथ्यांक संकलन र नियमित अद्यावधिकरणको व्यवस्था गर्नु मालपोत सम्बन्धमा प्रमुख आवश्यकताको रुपमा रहेको देखिन्छ । थप सुधारका पक्षहरु देहायअनुसार छन् :

- सम्पुर्ण वडा कार्यालयहरुमा मलापोत संकलन तथा बक्यौताको विवरण अद्यावधिक गर्ने ।
- जग्गाको पुर्नवर्गिकरण गरि सो अनुशार मालपोतको दर निर्धारण गर्ने ।
- आगामी दिनमा जग्गाको मूल्यको आधारमा भूमिकर संकलन गर्ने गरी व्यवस्था गर्दै जाने ।

(ग) घरजग्गा बहाल कर

हालको अवस्था:

नगरपालिकाले आर्थिक ऐनमा उल्लेख गर्दै नगरपालिका क्षेत्रभित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, शेड, काराखाला, जग्गा पूरै वा आशिंक रुपमा बहाल लगाएमा घरधनी वार्षिक रुपमा बहाल रकमको १० प्रतिशत असुल गर्ने व्यवस्था गरेको छ । नगरपालिकाले प्रभावकारी रुपमा यो कर संकलन गर्न सकेको छैन । हालसम्म संस्थागत रुपमा बहालमा बस्ने संस्थाहरूले अन्य निकायको कानूनी प्रावधानका कारण नबुझाई नहुने भएको खण्डमा मात्र बुझाउने गरेको देखिन्छ ।

आ.व. २०७५।७६ मा यस शीर्षकवाट करिब रु. १३ लाख ३० हजार संकलन भएकोमा चालु आ.व.को लागि जम्मा रु. १४ लाख ५० हजार अनुमान गरिएको माघ मसान्त सम्म जम्मा रु. ९ लाख ७२ हजार संकलन भएको छ ।

संभावना:

छलफलका क्रममा प्राप्त जानाकारी अनुसार नगरपालिका क्षेत्रमा करिब १००० जनाले विभिन्न प्रयोजनका लागि घरजग्गा वहालमा लिएको अनुमान छ । संस्थागत बाहेकका अन्य भाडामा दिने प्रायः घरधनीले हालसम्म यस्तो

कर बुझाउने नगरेकाले उनीहरुका लागि यो कर नयाँ हुन्छ । यस अवस्थामा नगरपालिकाले करको प्रगतिशिल (बहाल रकमको १० र ५ प्रतिशतका) दर निर्धारण गर्नु उपयुक्त हुन्छ ।

तालिका ७: घरजग्गा करको सम्भाव्यता विवरण

क्र. सं.	प्रयोजनका आधारमा बहाल लिने करदाता	बहालमा भएको घर संख्या	औसत मासिक भाडा रकम	जम्मा वार्षिक भाडा असुली	प्रस्तावित करको दर	घर बहाल कर
		(क)	(ख)	(ग)	(घ)	(✦)
		अनुमानित	अनुमानित	क x ख x१२	प्रतिशत	ग x घ
१	अडिट गर्ने तथा संस्थागत व्यवसायीक फर्म, वित्तिय तथा सार्वजनिक संस्थाहरु (औसत मासिक रु. १५००० भाडा आर्जन गर्ने)	१००	१५,०००	१८,०००,०००	१०	१,८००,०००
२	उल्लेखित बाहेक व्यवसायीक तथा घरयासी प्रयोजनले बहालमा लगाउने (औसत मासिक रु. २५०० भाडा आर्जन गर्ने)	९००	२,५००	२७,०००,०००	५	१,३५०,०००
जम्मा		**१,०००**		**४५,०००,०००**		**३,१५०,०००**

सुधारका पक्षहरू:

- घरजग्गा बहाल करको दर प्रगतिशील करको सिद्धान्तको आधारमा निर्धारण गर्ने ।
- घर जग्गा बहाल कर निर्धारणकोलागि न्यूनतम वहाल मुल्यको दर निर्धारण गर्ने र बहाल मूल्यको दर बजार क्षेत्रमा ब्यापारिक स्थानको महत्व र भवनको अवस्था तथा किसिमलाई पनि आधार लिने ।
- सम्पत्ती करको आधार र घरजग्गा वहाल करको आधार एउटै भएकोले दुबैको अभिलेखलाई एक आपसमा आवद्ध गर्ने ।
- बहाल करका संकलन प्रकृयामा स्पष्टता ल्याउन कार्यविधि तर्जुमा गर्ने ।

(घ) व्यवसाय कर

हालको अवस्था:

नगरपालिकाले आर्थिक ऐनमा व्यवसायहरूलाई वस्तु तथा सेवाका आधारमा विभाजन गरी वार्षिक करको दर निर्धारण गरेको छ । करको दर न्यूनतम रु ५०० देखि अधिकतम रु २०,००० सम्म रहेको छ । नगरपालिकाको आर्थिक ऐनमा व्यवसाय करको दर संगै विभिन्न किसिमका दस्तुर तथा सेवा शुल्क समेत समावेश गरिएको छ । तर व्यवसाय दर्ता गर्दा लाग्ने शुल्क भने उल्लेख गरेको पाईदैन ।

नगरपालिकाले व्यवसाय दर्ता ऐन बनाई लागु गरेको छ । आ.व. २०७५।७६ मा यस शीर्षकवाट करिब रु. २१ लाख ४ हजार संकलन भएकोमा चालु आ.व.को लागि जम्मा रु. २२ लाख अनुमान गरिएकोन माघ मसान्त सम्म जम्मा रु. १२ लाख २४ हजार संकलन भएको छ ।

संभावना:

नगरपालिकामा हाल संचालित व्यवसाय सम्बन्धी अद्यावधिक तथ्यांक देखिदैन । नगरपालिकाले प्रकाशन गरेको नगरको वस्तुगत विवरण, केन्द्रीय तथ्यांक विभागले प्रकाशन गरेको राष्ट्रिय आर्थिक गणना २०१८ को नतिजा, नगरपालिकामा दर्ता भएका व्यवसायहरुको विवरण तथा कार्यशालका दौरान गरिएको छलफलका आधारमा

व्यवसाय को संख्या अनुमान गरिएको छ । यस नगरपालिकामा करिब १६६५ वटा विभिन्न किसिमका व्यवसायहरु संचालनमा रहेको अनुमान छ । सोही आधारमा विश्लेषण गरि व्यवसाय करको देहायअनुसार सम्भाव्यता यकिन गरिएको छ :

तालिका ८: व्यवसाय करको सम्भाव्यता विवरण

क्र.सं.	व्यवसायको विवरण	संख्या	करको औसत दर	संभावित आय
१	क्रसर उद्योग	९	९००,०००	८,१००,०००
२	मझौला उद्योग	२३	७,५००	१७२,५००
३	साना उद्योग (राईस मिल सहित)	२१६	२,०००	४३२,०००
४	व्यवसायीक कृषि फर्म	१०७	२,०००	२१४,०००
५	घ वर्गका निर्माण व्यवसायी	२५	५,०००	१२५,०००
६	संस्थागत शैक्षिक संस्थाहरु	९	४,५००	४०,५००
७	वस्ने व्यवस्था सहितका होटल	२१	४,०००	८४,०००
८	फार्मेसी तथा भेटेरेनरी	३२	३,०००	९६,०००
९	वित्तिय संस्था तथा सहकारी	१६०	५,०००	८००,०००
१०	विभिन्न पेशाकर्मीहरु	१००	१,५००	१५०,०००
११	थोक, खुद्रा तथा अन्य ब्यापार	९६३	२,०००	१,९२६,०००
जम्मा		**१,६६५**		**१२,१४०,०००**

सुधारका पक्षहरू:

नगरपालिकाको व्यवसाय कर संकलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ :

- व्यवसायको करको लगत संकलन गरी व्यवसाय करको अभिलेखलाई सम्पत्ति करको अभिलेखसंग आवद्ध गर्ने ।
- दायरामा नआएका व्यवसायहरुलाई दायरामा ल्याउने । र अन्य शिर्षकमा उल्लेख भएका व्यवसायलाई शिर्षक मिलान गर्ने (जस्तै क्रसर उद्योग) ।
- एकै प्रकारको व्यवसायलाई व्यवसायमा भएको लगानी तथा कारोवारको आधारमा ठूला, मझौला र साना (क, ख, ग) वर्गमा वर्गीकरण गरी करको दरमा परिमार्जन गर्ने ।
- व्यवसायको वार्षिक कर संगै शुरुको वर्षमा दर्ता शुल्क निर्धारण

वालुवा, गिट्टी, ढुङ्गाजन्य पदार्थ प्रशोधन गर्ने क्रसर तथा फिरफिरे सम्बन्धी

- नगरपालिकाले हालसम्म वातावरणीय शुल्क र प्रभावित क्षेत्र शुल्क गरि दुई शिर्षकमा शुल्क संकलन गरिरहेको ।
- वर्तमान कानुनी व्यवस्था अनुशार उक्त शिर्षक सान्दर्भिक नभएकाले उल्लेखित व्यवसायहरुलाई व्यवसाय करको दायरामा ल्याउने ।
- करको दर निर्धारण गर्दा उल्लेखित उद्योगको क्षमता र कारोबारलाई आधार मान्ने ।
- क्रसर उद्योगले हाल नगरपालिकालाई तिरिरहेको रकमको समेत विश्लेषण गर्दा सोको व्यवसाय कर क्षमताका आधारमा न्यूनतम रु. ७,५०,००० देखी रु. १०,००,००० सम्म निर्धारण गर्दा उपयुक्त हुने ।
- उक्त उद्योगमा जडान भएका Plant र Trasformer को क्षमता लाई उद्योगको कर निर्धारणमा आधार लिन सकिने ।
- फिरफिरे तथा वासिङ व्यवसायको कर क्षमताका आधारमा रु. ५०,००० देखि अधिकतम रु. २,५०,००० सम्म निर्धारण गर्दा उपयुक्त हुने ।
- नगरपालिकाले अनुमति दिनुपूर्व प्रसोधन क्षमता/परिमाणको आधारमा निर्धारण गरेको व्यवसाय कर सम्बन्धी उद्योगले भुक्तानी गरेको हुनु पर्नेछ ।

गर्नुपर्ने ।

- नगरपालिका क्षेत्रमा व्यवसाय गर्नको लागि नगर कार्यपालिकावाट व्यवसाय संचालन इजाजत लिनुपर्ने व्यवस्था अनिवार्य गर्ने ।
- व्यवसाय कर संकलन टोली गठन गरी वर्षमा १ पटक व्यवसाय कर संकलन अभियान संचालन गर्ने ।
- व्यवसाय दर्ता प्रकृया संगै बन्द भएका व्यवसायहरु नामसारी तथा खारेजी गर्ने कामलाई पनि तीब्रता दिने ।
- विभिन्न पेशाकर्मीहरु (जस्तै कानून ब्यवसायी, अडिटर, डक्टर, इन्जिनियर) लाई ब्यवसाय करको दायरामा ल्याउन अभियान संचालन गर्ने ।

(ङ) जडिवुटी, कवाडी, जीवजन्तु कर

हालको अवस्था:

नगरपालिकाका बजार क्षेत्रबाट कवाडी संकलन गरी बेचविखन गर्ने व्यवसायहरू रहेका छन् तर अन्य मरेका जीवजन्तु तथा जडिवुटी संकलन तथा बिक्रीका सन्दर्भमा भने तथ्यांक तथा सूचनाको अभाव देखिन्छ । नगरपालिकाले आर्थिक ऐनमा यो कर संकलनको प्रावधान गरेको भएता पनि अनुसूचीमा भने काठको बिक्री तथा केही जडिबुटीमा लगाउने करका दरहरू उल्लेख गरेको छ तर कवाडी सम्बन्धी दरहरु उल्लेख भएको छैन । हालसम्म यो शिर्षकमा कुनै रकम संकलन भएको छैन भने चालु आ.व.का लागि अनुमान समेत गरिएको छैन । नगरपालिकाले यस्ता व्यवसाय संचालन गर्नेलाई इजाजत प्रदान गरी प्रति क्विन्टलका दरले यस्ता कारोवार गर्नेसंग कर संकलन गर्न उपयुक्त देखिन्छ ।

संभावना (कवाडी तथा जडिबुटी कर):

जडिबुटी र कवाडी सम्बन्धमा कुनै तथ्यांक नभएकाले आगामी आ.व.मा जम्मा रु. १ लाख संकलन हुन सक्ने अनुमान गरिएको छ ।

सुधारका पक्षहरू:

कवाडी कर संकलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ ।

- जडिबुटी, कवाडी तथा जीवजन्तु कारोवार इजाजत दस्तुर र करको दर निर्धारण गर्ने ।
- कवाडी वस्तुहरुको व्यवसायिक रुपमा संकलन तथा कारोवार गर्नेलाई इजाजत प्रदान गरी कारोवारको आधारमा कर संकलन गर्ने ।

(च) विज्ञापन कर

हालको अवस्था:

नगरपालिकाले आफ्नो क्षेत्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचार–प्रसार आदिका लागि राख्न दिने साइन बोर्ड, ग्लो बोर्ड स्टल आदिमा विज्ञापन कर लगाउन सक्नेछ । संघीय कानून अनुसार यो प्रदेश सरकारसंग बाँडफाँड हुने कर हो । विज्ञापन करको दर निर्धारण तथा संकलन नगरपालिकाले गरी संकलित रकममध्ये ४० प्रतिशत प्रदेश सरकारलाई दिनु पर्दछ ।

विज्ञापन करका सन्दर्भमा नगरपालिकाले विभिन्न विज्ञापनका सामाग्री अनुसार करको दरहरू निर्धारण गरेको छ तर चालु आ.व.का लागि कुनै पनि रकम अनुमान गरिएको छैन । चालु आ.व.का लागि रु. १,१०,००० मा ठेक्का तय भएको छ ।

संभावना:

नगरपालिका क्षेत्रमा हुने विज्ञापन सामाग्री सम्बन्धी आवश्यक तथ्यांक नभएकाले आगमी आ.व.मा अनुमानित रु. २ लाखसम्म संकलन हुन सक्ने सम्भावना देखिन्छ ।

सुधारका पक्षहरू:

- विज्ञापनका सामाग्री तथा प्रयोग भएका स्थानका सन्दर्भमा यथार्थ तथ्यांक संकलन गर्ने ।
- संकलित विवरण अनुसार विज्ञापन करको दर निर्धारण गर्ने ।
- न्यूनतम संकलन हुन सक्ने रकम यकिन गरी ठेक्का अंक निर्धारण गर्ने ।

३.२.२ गैर कर राजस्व

(क) ढुंङ्गा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तु बिक्री

हालको अवस्था:

केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ ले स्थानीय सरकार सञ्चालन ऐन, २०७५ को दफा ६२ क थप गरी गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परिक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु बिक्री गर्न सक्ने प्रावधान राखेको छ । स्थानीय सरकार संचालन ऐनमा भएको यस संशोधनसँगै यस शीर्षकको राजस्व नगरपालिकाको एकल अधिकार क्षेत्रभित्र पर्दछ । साविकमा प्रारम्भिक वातावरणीय परिक्षणको मात्र व्यवस्था भएकोमा यस संशोधनसँगै वातावरणीय प्रभाव मूल्यांकनको समेत व्यवस्था भएको छ र आवश्यकता अनुसार यी दुई अध्ययनको सिफारिशका आधारमा बिक्री दर निर्धारण गरि नगरपालिकाले ढुंगा, गिट्टी, बालुवा, माटो वा स्लेट बिक्री गर्न सक्ने कानूनी व्यवस्था रहेको छ ।

चालु आवको आर्थिक ऐनमा नदीजन्य पर्दार्थ बिक्री (रु. ९ प्रति घन फिट) निर्धारण गरि सोही दरका आधारमा ठेक्का कायम गरेको छ । नगरपालिकाले इन्द्रावती तथा मेलम्ची तदी क्षेत्रका सम्भाव्य स्थानहरुको प्रारम्भिक वातावरणिय परिक्षण (IEE) गरी सो को प्रतिवेदन अनुरुप ठेक्का निर्धारण गरेको छ ।

तालिका ९: नगरपालिकाले प्रारम्भिक वातावरण परिक्षण गरेका स्थल र परिमाण

क.सं.	खोलाको नाम	वार्षिक उत्खनन् योग्य परिमाण (क्यु.फिट)
१	वडा नं. १३ को सिपाघाट स्थित दनुवारगाँउ खोल्सा देखि ए कोन एग्रिगेट क्रसर उद्योग सम्म	८८६३८०४.३३
२	इन्द्रावती नदी तर्फ ए कोन एग्रिगेट क्रसर उद्योग देखी वडा नं. १३ को ठुलो खोल्सीसम्म	१७७९१९५.३४
३	ठुलोखोल्सी देखि फट्केश्वरसम्म	२०४३६२.९८
४	फट्केश्वर देखि सिन्धुखोलासम्म	६७३१०६.०५
५	सिन्धुखोला देखि बाहुनेपाटीसम्म	४९३८०५३.३६
६	बाहुनेपाटी देखि ढकाल खहरेसम्म	१४११०५३.२८
७	ढकाल खहरे देखि डुँडेखोलासम्म	१८६०९५३.५२
८	वडा नं. १० को शहरे बगर क्षेत्र	१९६५८१५.०४
९	वडा नं. १२ को सिन्धुखोला देखि वडा नं. १ र ५ को वरिपरि क्षेत्र	८६६५९.२१

क.सं.	खोलाको नाम	वार्षिक उत्खनन् योग्य परिमाण (क्यु.फिट)
१०	मेलम्ची नदी को वडा नं. ७ जोड्ने मोटर पुल देखि तालामाराङ सम्म	१५०५५७४.६२
११	इन्द्रावती नदी तर्फ मेलम्ची दोभान देखि खाल्डेखोला सम्म	२७३२२६९.४४
	जम्मा	**२६०२०८४७.१७**

ढुंगा, गिट्टी, तथा बालुवा उत्खनन तथा घाटगद्दी गरी बिक्री गरिने र सो को आधारमा ठेकेदार संग रकम संकलन गरिने व्यवस्था ठेक्का सम्झौतामा भएता पनि ठेकेदारले सो रकम थप प्रशोधन भएर बिक्रीमा लैजाने सवारी बाट संकलन गरेको देखिन्छ । चालु आ.व.का लागि २ करोड ७५ लाख घन फिट नदिजन्य पदार्थ उत्खनन तथा बिक्रीका लागि जम्मा रु. २४,७७,७७,७७७ मा ठेक्का कायम भएको छ । उक्त रकम प्रदेश सरकार संग बाँडफाँड भएको छ, हालको कानुनी व्यवस्था अनुशार बाँडफाँड गर्नुनपर्ने ।

संभावनाः

उल्लेखित हालको अवस्थाका आधारमा विश्लेषण गर्दा यस नगरपालिकामा ढुंगा, गिट्टी, बालुवा जस्ता नदीजन्य वस्तुको उत्खनन परिमाण उच्च रहेको छ । आगामी आ.व.का लागि नगरपालिकाले हालकै बिक्री दर रु. ९ प्रति क्यु. फिट निर्धारण गरेको खण्डमा देहाय बमोजिमको रकम संकलन हुन सक्ने अनुमान गरिएको छ :

तालिका १०: नदीजन्य पदार्थ बिक्री सम्भावना (IEE गरिएका उत्खनन स्थलहरुको)

क.सं.	खोलाको नाम	वार्षिक उत्खनन् योग्य परिमाण (क्यु.फिट)	प्रति क्यु. फिट दर	सम्भाव्य बिक्री रकम
१	वडा नं. १३ को सिपाघाट स्थित दनुवारगाँउ खोल्सा देखि ए कोन एग्रिगेट क्रसर उद्योगसम्म	८८६३८०४.३३	९.००	७९७७४२३८.९७
२	इन्द्रावती नदी तर्फ ए कोन एग्रिगेट क्रसर उद्योग देखी वडा नं. १३ को ठुलो खोल्सीसम्म	१७७९१९५.३४	९.००	१६०१२७५८.०६
३	ठुलोखोल्सी देखि फट्केश्वरसम्म	२०४३६२.९८	९.००	१८३९२६६.८२
४	फट्केश्वर देखि सिन्धुखोलासम्म	६७३१०६.०५	९.००	६०५७९५४.४५
५	सिन्धुखोला देखि बाहुनेपाटीसम्म	४९३८०५३.३६	९.००	४४४४२४८०.२४
६	बाहुनेपाटी देखि ढकाल खहरेसम्म	१४११०५३.२८	९.००	१२६९९४७९.५२
७	ढकाल खहरे देखि डुँडेखोलासम्म	१८६०९५३.५२	९.००	१६७४८५८१.६८
८	वडा नं. १० को शहरे बगर क्षेत्र	१९६५८१५.०४	९.००	१७६९२३३५.३६
९	वडा नं. १२ को सिन्धुखोला देखि वडा नं. १ र ५ को वरिपरि क्षेत्र	८६६५९.२१	९.००	७७९९३२.८९
१०	मेलम्ची नदी को वडा नं. ७ जोड्ने मोटर पुल देखि तालामाराङ सम्म	१५०५५७४.६२	९.००	१३५५०१७१.५८
११	इन्द्रावती नदी तर्फ मेलम्ची दोभान देखि खाल्डेखोला सम्म	२७३२२६९.४४	९.००	२४५९०४२४.९६
१२	थप नयाँ क्षेत्र (IEE गरिसके पश्चात)			२०००००००
	जम्मा	**२६०२०८४७.१७**		**२५४१८७६२४.५३**

यस शिर्षकको कुल सम्भावना करिब **२५ करोड ४२ लाख** रुपैया देखिन्छ । नगरपालिकाले ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु बिक्रीकोलागि ठेक्का आवह्मन गरी आय संकलन गरिआएको छ यस अवस्थामा संकलित रकमबाट असुली खर्च तथा ठेकदारको नाफा कट्टा भई बाँकी रकम मात्र नगरपालिकामा जम्मा हुने हुन्छ ।

तर यसै बिचमा विश्वब्यापी रुपमा फैलिएको कोभिड १९ र त्यसको प्रभाव न्यूनिकरण प्रयासकोलागि गरिएका बन्दाबन्दीले राजस्व संकलनमा प्रभावलाई आँकलन गर्नुपर्ने देखिन्छ । वर्तमान महामारीको अवस्थाले नगरका आर्थिक गतिविधिहरुमा संकुचनका साथै तथा राजस्व संकलनका स्रोतहरुमा पनि प्रतिकुल असर पारेको छ । यसले नगरपालिकाको चालु बर्षको राजस्व असुलीमा मात्र नभई आर्थिक संकुचनको कारणले आगामी आर्थिक बर्षको राजस्व असुलीमा समेत प्रभाव पार्ने देखिन्छ ।

तसर्थ नगरपालिकाले ठेक्का निर्धारण गर्नुपुर्व निम्न पक्षहरुमा विचार गर्नुपर्ने हुन्छ :

१. चालु आ.व.को लागि गरिएको ठेक्का व्यवस्था

२. चालु आ.व.मा उत्खनन तथा बिक्री गरिएको परिमाण अथवा हालको बन्दाबन्दीका कारण उत्खनन तथा बिक्रीमा परेको समस्या र यसको प्रभाव

३. आगामी आ.व.का लागि ठेक्का लाग्न सक्ने अवस्था : हालको बन्दाबन्दीका कारण निर्माण तथा अन्य काममा आएको मन्दीसंगै नदीजन्य पदार्थको मागमा आउन सक्ने कमी र सो का कारण ठेकेदारमा भएको अन्यौलताले ठेक्कमा पार्ने असर ।

तसर्थ हालको नविन परिस्थितीमा चालु आ.व.को ठेक्का व्यवस्था, रकम संकलन तथा नयाँ आ.व.का लागि ठेक्का प्रक्रियामा अन्यौल भएकाले निम्न विकल्पमा छलफल गरि प्रक्रिया अगाडी बढाउनु उपयुक्त हुन्छ :

विकल्प १:

- कोभिड १९ ले पारेको र पार्नसक्ने प्रभाव तत्कालै एकीन गर्न नसकिने अवस्था भएकाले चालु आ.व.को ठेक्का प्रकृयाका सन्दर्भमा थप निर्णय पछि गर्ने गरि हाल मौन बस्ने ।
- आगामी आ.व.को ठेक्का प्रक्रृया नियमित रुपमा अघि बढाउने ।
- **आगमी आ.व.का लागि ठेक्का नलागेमा** नगरपालिका स्वयंले अमानतबाट संकलन गर्न सक्ने व्यवस्थाका बारेमा आवश्यक प्रावधान सहित निर्णय गर्ने र सो संकलन को व्यवस्था आर्थिक ऐन अथवा कार्यविधिमा उल्लेखि गर्ने ।

विकल्प २:

- मेलम्ची नगरपालिकाको हकमा अधिकांस नदीजन्य सामाग्री क्रसर उद्योगहरुले उत्खनन गर्ने र ढुवानीका क्रममा ठेकेदारले रकम संकलन गर्ने देखिन्छ ।
- उल्लेखित अवस्थामा असार मसान्तमा सम्पुर्ण क्रसर उद्योगसंग भएको कच्चा तथा अप्रशोधित सामाग्रीको मौज्दात मुल्यांकन (Stock Valuation) गर्ने ।
- उक्त मौज्दात बिक्री बापत संकलित रकम चालु आ.व.को हुने र सो रकम हालको ठेकेदारले प्राप्त गर्ने । र सो भन्दा अधिक बिक्री भएको परिमाणमा मात्र आगामी आ.व.को ठेकेदारले रकम संकलन गर्ने ।

विकल्प ३:

- बन्दाबन्दीका कारण प्रत्येक्ष प्रतिकुल प्रभाव (सवारी आवागमन अथवा मजदुरको अभावका कारण ढुवानीमा समस्या) पारेको भए प्रभाव पारेको अवधि बरबारको समय थप गरी ठेक्का अवधि थप गर्न सकिने ।
- यस अवस्था नयाँ ठेक्का उक्त अवधि समाम्त भए पछि मात्र लागु हुने ।
- ***तर नेपाल सरकारले निर्माण समाग्रीहरु ढुवानीमा छुट दिएका कारण ढुवानीमा समस्या नभएको देखिन्छ, तर बजार र मजदुर अभावका कारण समस्या भएमा सो को विश्लेषण आवश्यक देखिन्छ ।***

नोट : माथी उल्लेखित विकल्प १ वा ३ मा निर्णय गर्नुपरेमा सो निर्णय नगरसभाबाट पास गर्नुपर्ने हुन्छ ।

सुधारका पक्षहरू :

- ढुङ्गा, गिट्टी तथा बालुवा ठेक्का प्रक्रिया अगाडि बढाउनु पूर्व नगरसभाबाट संकलन विधि बिक्रीको दर निर्धारण गरी आर्थिक ऐनमा व्यवस्था गर्नुपर्ने ।
- वातावरणीय अध्ययन प्रतिवेदनले सिफारिश गरेका मापदण्डभित्र रहेर उत्खनन् गर्ने कार्य गराउन आवश्यक कार्यविधि तर्जुमा गर्ने ।
- संकलन कार्यको नियमित रुपमा अनुगमन गरी अध्ययन प्रतिवेदनले सिफारिश गरेको मापदण्डभित्र मात्र रहेर उत्खनन् हुने कार्य सुनिश्चित गर्ने ।
- ठेक्का नलागेको अवस्था नगरपालिका स्वयंले अमानतबाट संकलन गर्न सक्ने व्यवस्थाका बारेमा आवश्यक प्रावधान सहित निर्णय गर्ने ।
- नगरपालिकाले अर्थिक ऐनमा नियम विपरित गर्ने ठेकदारलाई कारबाही गर्ने र ठूलो परिमाणमा दण्ड जरिवाना गर्न सकिने प्रावधान समावेश गर्ने ।

(ख) बहाल बिटौरी शुल्क

हालको अवस्था:

नगरपालिकाले आफूले रेखदेख वा सञ्चालन गरेको हाटवजार र सरकारी जग्गामो उपयोग गरेबापत बहाल बिटौरी शुल्क लगाउन पाउने कानूनी व्यवस्था छ । मेलम्ची नगरपालिकाले आफ्नो क्षेत्राधिकारभित्र रहेका ऐलानी तथा पर्ति जग्गाहरू तथा ती जग्गामा बनेका संरचनाहरुमा बहाल विटौरी शुल्क लगाउन सकिने प्रावधान सहित शुल्कको दरहरु आर्थिक ऐनमा व्यवस्था गरेको छ । हाल यस नगरपालिकाले नगरक्षेत्रको करिब ४०० रोपनी बहालमा लगाई आय आर्जन गरिरहेको छ ।

आ.व. २०७५।७६ मा यस शीर्षकवाट करिब रु. २८ लाख ५४ हजार संकलन भएकोमा चालु आ.व.को लागि जम्मा रु. ३५ लाख ५ हजार संकलन हुने अनुमान गरिएकोमा माघ मसान्त सम्म जम्मा रु. १ लाख ५५ हजार संकलन भएको छ ।

संभावना:

बहाल विटौरी शुल्क संकलन सम्बन्धी हालको अवस्था र शुल्क संकलनमा नगरपालिकाको प्रयास हेर्दा आगामी दिनमा यो शीर्षक बापत बढ्दो दरमा आय संकलन हुने सम्भावना देखिन्छ । यस नगरपालिकाको बहाल विटौरी शुल्कको सम्भावना देहायबमोजिम रहेको छ :

तालिका ११: बहाल विटौरी शूल्कको सम्भावना विवरण

क.सं.	संकलनको क्षेत्र	उपयोग	क्षेत्रफल	औसत शुल्कको दर (वार्षिक)	कूल संकलन सम्भावना
१	वडा नं. १२ स्थित ईन्द्रावती बगर क्षेत्र	नदीजन्य पदार्थ संकलन तथा प्रशोधनका लागि बहालमा	८३ रोपनी	१००००	८३०,०००
२	वडा नं. १३ स्थित ईन्द्रावती बगर क्षेत्र		३१७ रोपनी	१००००	३१७०,०००
३	अन्य ऐलानी तथा प्रति जग्गाको उपयोग	थप अध्ययन गरि परिचालन			५००,०००
	जम्मा				**४५००,०००**

सुधारका पक्षहरू:

नगरपालिकाको वहाल विटौरी शुल्कमा सुधार ल्याउनको लागि

- वहाल विटौरी शुल्कको दायराभित्र सार्वजनिक जग्गाको उपयोग र सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापतलाग्ने शुल्कलाई समावेश गर्ने ।
- ऐलानी वा पर्ति जग्गामा वनेका संरचनाहरूको अभिलेख राखी वहाल विटौरी शुल्कको अभिलेख राख्ने ।
- बहाल बिटौरी शुल्कको दर समयानुकुल परिमार्जन गदै जाने ।

(ग) नक्सा पास दस्तुर

हालको अवस्था:

नगरपालिकाले नक्सापास र अभिलेखिकरणको कार्य प्राविधिक शाखा मार्फत् दिदै आईरहेको छ । भवनको प्रयोजन र किसिमका आधारमा नक्सापास र अभिलेखिकरणको दस्तुरका दरहरु फरक फरक रहने गरी निर्धारण गरेको छ । आ.ब. २०७५।७६ मा जम्मा ३०७ वटा RCC तथा Load Bearing घर निर्माणका लागि घरधनिहरुले नक्सापास गाराई दोस्रो चरणको ईजाजत पत्र लिएका थिए ।

सम्भावना:

यस नगरपालिका क्षेत्रमा हालका दिनमा केही भवन निर्माणमा तीव्रता देखिएता पनि यो दर विस्तारै घट्दै जाने अनुमान छ । हाल यस क्षेत्रमा प्रायः जसो न्युनतम १००० वर्ग फिटका घरहरू निर्माण भईरहेका छन् । आगामी आ.व.मा यस नगरपालिकामा करिब १५० वटा नयाँ घर निर्माण हुने र पुराना ५० वटा नक्सा पासको दायरामा (अभिलेखीकरण सहित) आउन सक्ने अनुमान गर्न सकिन्छ । यसबाट औसत रु. १०,००० का दरले जम्मा रु. २०,००,००० आम्दानी हुने सम्भावना देखिन्छ ।

सुधारका पक्षहरू:

नक्सापास प्रकृयाले आयआर्जन मात्र नभई भवन निर्माण प्रकृयालाई नियमन समेत गर्ने भएकोले यसलाई प्रभावकारी वनाउने तर्फ पहल गर्न जरुरी देखिन्छ ।

- नक्सापासको लागि मापदण्ड तथा कार्यविधिहरू अनुसार भवन निर्माण भए नभएको निरन्तर अनुगमन गर्ने ।
- घरको तल्ला, बनोट तथा किसिमका आधारमा दस्तुरको दर निर्धारण गरी समयानुकूल परिमार्जन गर्दै जाने ।

(घ) व्यवसाय रजिष्ट्रेशन दस्तुर (दर्ता तथा अनुमति दस्तुर)

हालको अवस्था:

स्थानीय सरकारले एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग, ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग आदि कार्य गर्नको लागि अनुमति दिन र सो बापत दस्तुर संकलन गर्न सक्छन् । नगरपालिकाले ***"घ" वर्गका निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि*** तयार गरी सोही अनुरुप इजाजत पत्र दिने र सो बापत दस्तुर संकलन गरिरहेको भएता पनि सो को व्यवस्था आर्थिक ऐनमा गरेको छैन ।

सम्भावना:

नगरपालिका क्षेत्रमा संचालनमा रहेका स्थानीय स्तरका ब्यापारिक फर्म, घ वर्गको निर्माण इजाजत पत्र, सहकारी, विद्यालय आदि अनुमति प्रमाणपत्र दिई नियमित गर्नुपर्ने तथा नयाँ संचालनमा आउन चाहनेलाई इजाजत दिन सकिन्छ । हाल करिव २०० वटा उल्लेखित व्यवसायिक फर्महरु सञ्चालनमा रहेको अनुमान गरिएको छ । त्यस्ता

संस्थाहरूलाई दर्ता, अनुमति र नवीकरण गर्दा औसत दस्तुर रु. ४,००० लिइएको खण्डमा प्रति वर्ष रु. ८,००,००० आय हुने सम्भावना देखिन्छ ।

सुधारका पक्षहरू:

- दर्ता तथा अनुमतिका लागी छुट्टै कार्यविधि तर्जुमा गर्ने ।
- आर्थिक ऐनमा दर्ता तथा अनुमति दस्तुरको दर निर्धारण गर्ने ।
- नयाँ व्यवसाय वा कारोवार संचालन गर्नुपूर्व दर्ता तथा अनुमति प्रमाणपत्र अनिवार्य गर्ने ।
- अनुमति नलिई संचालनमा रहेका व्यवसायलाई नियमित गर्न दण्ड जरिवानाको व्यवस्था गर्ने ।

(ङ) सिफारिश तथा प्रमाणित दस्तुर

हालको अवस्था:

नगरपालिकाले विभिन्न किसिमका सिफारिश तथा प्रमाणित दस्तुरको दर आर्थिक ऐन मार्फत निर्धारण गरी कार्यपालिकाको कार्यालय तथा वडावाट संकलन गरी आएको छ । आर्थिक ऐनले सिफारिश तथा प्रमाणितको दर न्यूनतम रु ५० देखि १०,००० सम्म निर्धारण गरेको छ ।

नगरपालिकाले वडा कार्यालयहरू तथा नगरपालिकाबाट सेवाग्राहीलाई आवश्यक सिफारिश तथा प्रमाणित सेवा उपलब्ध गराउदै यस्तो दस्तुर संकलन गर्दछ । वडावाट संकलित सिफारिश तथा प्रमाणित दस्तुरवाट संकलित रकम वडा सचिवहरूले नगरपालिकाको राजस्व शाखामा हरेक महिना दाखिला गर्ने गरेका छन् । आर्थिक ऐनमा निर्धारण गरिएका केही सिफारिश दस्तुरको दर संकलनमा व्यवहारिक कठिनाई रहेको वडा कार्यालयहरु संगको छलफलमा जानाकारी प्राप्त भयो । जस्तै काठ कटानी को सिफारिश, आय स्रोत प्रमाणित आदी ।

आ.व. २०७५।७६ मा यस शीर्षकवाट करिब रु. ३६ लाख २५ हजार संकलन भएकोमा चालु आ.व.को लागि जम्मा रु. २७ लाख ५० हजार अनुमान गरिएकोमा माघ मसान्त सम्म जम्मा रु. ११ लाख ८६ हजार संकलन भएको छ ।

सम्भावना:

नगरपालिकाको कार्यालय तथा १३ वटै वडा कार्यालयहरूवाट वार्षिक रुपमा करिव १२,५०० वटा विभिन्न किसिमका सिफारिश तथा प्रमाणित हुने अनुमान गरिएको छ । वर्तमान दर अनुसार प्रति सिफारिश वा प्रमाणित औषत रु २५० भएमा वार्षिक सिफारिश तथा प्रमाणित बापत रु ३१,२५,००० आय संकलन हुने सम्भावना रहेको देखिन्छ । जसमा सिफारिश दस्तुर रु. २२,५०,०००, व्यक्तिगत घटना दर्ता विलम्ब दस्तुर रु. २५,०००, नाता प्रमाणित दस्तुर रु. १,००,००० र अन्य दस्तुर रु. ७,५०,००० संकलन हुन सक्ने अनुमान गरिएको छ ।

सुधारका पक्षहरू:

- विभिन्न किसिमका सिफारिश तथा दस्तुरहरूको वर्गीकरण गरी दस्तुरका दर आवश्यक परिमार्जन गर्ने ।
- सिफारिश वा प्रमाणित गर्नु पूर्व दस्तुर तिरे नतिरेको एकीन गर्ने ।
- दस्तुर नबुझाएसम्म सम्वन्धित अधिकारीले सिफारिश वा प्रमाणित नगर्ने ।
- वडावाट संकलित दस्तुरहरू शीर्षक सहितको विवरण तयार गर्ने ।

(च) मुख्य सेवा शुल्क

फोहरमैला व्यवस्थापन शुल्क

हालको अवस्था:

हाल नगरपालिकाले वडा नं. ११ का बजार क्षेत्रमा फोहरमैला संकलन तथा व्यवस्थापनको काम शुरु गरेको छ । यस कार्यका लागि एउटा फोहरमैला व्यवस्थापन समिति गठन गरि उक्त समिति अन्तर्गत् नै हप्तामा २ पटक फोहर संकलन गर्ने कार्य भईरहेको छ ।

फोहोरमैला व्यवस्थापन समिति
मेलम्ची, सिन्धुपाल्चोक
सेवा शुल्क रसिद
802
मिति:
जिल्ला मेलम्ची नगरपालिका वडा नं. ..., टोल ...
बाट ...
बापत रु. ... (अक्षरेपी ...
स-धन्यवाद प्राप्त भयो।
बुझिलिने

चालु आ.व.को आर्थिक ऐनमा यो शुल्क संकलन गर्ने प्रावधान तथा शुल्कको दर सम्बन्धी व्यवस्था गरिएको छैन । तर राजस्व परामर्श समितिले निर्णय गरि शुल्कको दर मासिक प्रतिघर न्यूनतम रु. २०० देखी अधिकतम रु. ५०० सम्म निर्धारण गरेको छ । हाल माथि उल्लेख गरिएको समितिले नै उक्त रकम संकलन गरिरहेको छ र नगरपालिकाको संचित कोषमा दाखिला भएको छैन । फोहरमैला व्यवस्थापनका लागि एउटा नीजि संस्थासंग सम्झौता भएको तर हालसम्म कुनै कार्यक्रम अगाडी बढेको छैन । उक्त सम्झौता अनुशार नगरपालिकालाई वार्षिक ११ लाख नीजि संस्थाले प्रदान गर्ने व्यवस्था रहेको छ ।

सम्भावना:

कार्यशालाका दौरान गरिएको छलफलका आधारमा विश्लेषण गर्दा माथि उल्लेखित वडा नं. ११ का मूख्य बजार क्षेत्रमा करिब ५०० वटा फोहरमैला सेवा लिने सेवाग्राही (व्यवसाय तथा घरहरु) रहेका र मासिक औसत रु. २५० संकलन गरेको खण्डमा आगमी आ.व.मा यस बापत करिब रु. १२ लाख ५० हजार संकलन हुन सक्ने देखिन्छ ।

सुधारका पक्षहरू:

- आगामी आ.व.को आर्थिक ऐनमा फोहरमैला ब्यवस्थापन शुल्कको दर उत्पादन हुने फोहरको प्रकार र परिमाणलाई मध्यनजर गरि निर्धारण गर्ने ।
- मूख्य बजार क्षेत्रमा रहेका व्यवसायी, संघ संस्था तथा घरधूरीहरूको लगत तयार गर्ने ।
- यस्तो शुल्क बेग्लै फोहोर मैला व्यवस्थापन शुल्क शीर्षक अन्तर्गत संकलन गरि नगरपालिकाको संचित कोषमा दाखिला गर्ने ।
- फोहरमैला व्यवस्थापनका सन्दर्भमा नीजि संस्थासंग भएको सम्झौता अनुरुप कार्य अगाडी बढाउने ।

अस्पताल संचालन शुल्क

नगरपालिकाले नगरवासीमा स्वास्थ्य सेवा पुर्‍याउनका लागि अस्पतालहरु संचालन गर्दा सो बापत प्राप्त रकम नगरापलिकाको आम्दानी हुन्छ । हाल नगरपालिकाले सरकारी स्वामित्वमा रहेका कुल १७ वटा स्वास्थ्य संस्थाहरु (स्वास्थ्य ईकाई, स्वास्थ्य चौकी, स्वास्थ्य केन्द्र र आयुर्वेद औषधालय) बाट सेवा प्रदान गरिरहेको छ । हाल उल्लेखित स्वास्थ्य संस्थाहरु संचालक समिति गठन गरि संचालन भईरहेको र त्यसबाट संकलित रकम स्वास्थय संचालनका लागि रहेको कोषमा जम्मा हुने व्यवस्था रहेको देखिन्छ ।

तर उक्त रकम नगरपालिकाको स्थानीय संचित कोष (हाल खाता ग) मा जम्मा गर्नु पर्दछ र उल्लेखित स्वास्थ्य संस्थाहरु संचालनका लागि योजना बनाई बजेट विनियोजन गर्नु पर्दछ ।

हाल उल्लेखित व्यवस्था बमोजिम संकलनहुने रकम सम्बन्धित थप जानाकारी तथा तथ्यांक नभएकाले यस शिर्षकमा जम्मा रु. २० लाख संकलन हुन सक्ने अनुमान गरिएको छ ।

सुधारका पक्षहरू:

- आगामी आ.व.को आर्थिक ऐनमा अस्पतालले प्रदान गर्ने सेवाहरुको विवरण सहित शुल्क संकलनको प्रावधान र सो को सेवा शुल्कको दर निर्धारण गर्ने ।
- संकलित सेवा शुल्क नगरपालिकाको आम्दानीको दायरामा ल्याउने ।
- स्वास्थ्य संस्था संचालनका लागि लाग्ने रकम वार्षिक कार्यक्रम बनाई बजेट विनियिजोन गर्ने ।

घरजग्गा मुल्यांकन सेवा शुल्क

नगरपालिकाले प्रदान गर्ने अन्य घरजग्गा मुल्यांकन सेवा बापत आगामी आ.व.मा करिब रु. २,५०,००० संकलन हुने अनुमान गरिएको छ ।

(छ) सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय

हालको अवस्था र सम्भावना:

नगरपालिकाले आफ्नो स्वामित्वमा रहेको भवन, जग्गा, औजार तथा अन्य उपकरणहरु जस्ता सरकारी सम्पत्तिहरु बहालमा लगाउन सक्दछ । यस नगरपालिकाले व्याकहो लोडर बहालमा बहालमा दिने गरेको र सो बापत रकम संकलन गरिरहेको छ । नगरपालिकाले ब्याकहो लोडर सञ्चालन सम्बन्धी कार्यविधि, २०७५ तर्जुमा गरि संचालनमा ल्याएको छ । आर्थिक ऐनमा यसको भाडा दरका सम्बन्धमा कुनै व्यवस्था नगरेको भएता पनि सोही कार्यविधिमा उल्लेख गरिएको दर (प्रति घण्टा इंधन बाहेक रु. १०००) मा रकम संकलन गरिएको छ ।

नगरपालिकाका सम्बद्ध कर्मचारी संग गरिएको छलफलको आधारमा हेर्दा औसत मासिक ४० घण्टा उक्त व्याकहो लोडर बहालमा जाने गरेको अनुमान छ । उल्लेखित आधारमा हेर्दा आगामी आ.व.मा यस बापत करिब रु. ५ लाख संकलन हुने अनुमान गरिएको छ ।

सुधारका पक्षहरू:

- बहालमा लगाउन सकिने स्वामित्वमा भएका सम्पत्तिहरुको विवरण एकिन गरी बहाल रकमको दर निर्धारण गर्ने ।
- बहाल रकम संकलन गर्न सकिने व्यवस्था सहित आर्थिक ऐनमा सो को दर उल्लेख गर्ने ।
- ब्याकहो लोडर संचालन कार्यविधिमा उल्लेखित शर्तहरू पालाना भए नभएको आवधिक रुपमा अनुगमन गर्ने ।

च) अन्य क्षेत्रको आय (सामुदायिक वन)

हालको अवस्था:

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ ख अनुसार सामुदायिक वन उपभोक्ता समितिले वन पैदावारको बिक्रीबापत प्राप्त गर्ने रकमको दश प्रतिशत सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ । नगरपालिकाले यस शिर्षकवाट आ.ब. २०७५।७६ मा कुनै आय गरेको देखिदैन ।

सम्भाव्यता:

मेलम्ची नगरपालिका क्षेत्रमा जम्मा ७८ वटा सामुदायिक वनहरु रहेका छन् । सामुदायिक वन पैदावार विक्रीको १० प्रतिशत रकम यकीन गर्न नगरपालिका भित्रका सामुदायिक वन उपभोक्ता समितिहरुको कार्य योजनाले निर्धारण गरेको विक्रीको परिमाण सम्बन्धी तथ्यांक आवश्यक पर्दछ । नगरपालिका सँग सामुदायीक वन सम्वन्धी

विवरण उपलब्ध नभएको सम्भाव्यता एकीन गर्न थप अध्ययन गर्नुपर्ने देखिन्छ । अनुमानको आधारमा यस शिर्षकवाट वार्षिक २,००,००० आय हुने अनुमान गरिएको छ ।

सुधारका पक्षहरू:

- नगरक्षेत्रमा रहेका सामुदायीक वनहरु तथा वनवाट बिक्रीहुने उत्पादनको सूचना संकलन गर्ने ।
- सामुदायिक वन उपभोक्ता समितिहरुसँग छलफल गरी परिवर्तित प्रावधानका बारेमा जानकारी गराउने ।
- सामुदायिक वनहरुको कार्ययोजना तर्जुमा गरी विक्री परिमाण तथा विक्री दर निर्धारण गर्ने ।
- वन कार्यालयसँगको समन्वयमा अनुगमन गर्ने ।

परिच्छेद चार
राजस्व सुधार कार्ययोजना

यस परिच्छेदमा सूचना विश्लेषण तथा सहभागितामूलक छलफलबाट तयार पारिएको नगरपालिकाको राजस्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ । यस कार्ययोजनालाई नगरपालिकाले कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउने विश्वास लिईएको छ ।

परामर्शदाताद्वारा संकलित अन्य सूचना तथा विश्लेषणबाट आएका नतिजाहरूलाई समेत समावेश गरी नगरपालिकाको राजस्व सुधार कार्ययोजनाको तल उल्लेखित मस्यौदा तयार गरिएको छ । यस कार्ययोजनाका क्रियाकलापहरूलाई देहायअनुसार निम्न तीन क्षेत्रमा विभाजन गरिएको छ :

४.१ कर राजस्व सुधार योजना

क्र.सं.	सुधारका लागि गर्नुपर्ने कार्यहरू	समयावधि	जिम्मेवारी
१	**भूमिकर/मालपोत**		
	सम्पुर्ण वडा कार्यालयहरुमा मलापोत संकलन तथा बक्यौताको विवरण अद्यावधिक गर्ने । *(सम्पुर्ण वडाहरुमा मालपोत संकलनको विवरण अभिलेखका लागि बेग्लै ढड्डाको व्यवस्था गर्ने ।)*	२०७७ श्रावण देखी निरन्तर	राजस्व उपशाखा वडा कार्यालय
	वडागत रुपमा सम्पूर्ण जग्गाको वर्गीकरण अनुसार अभिलेख राख्ने र नियमित अद्यावधिक गर्ने ।	२०७७ ज्येष्ठ मसान्त सम्म	राजस्व उपशाखा वडा कार्यालय
	जग्गाको वर्गीकरण अनुसार मालपोतको दर निर्धारण गरी आर्थिक ऐनमा उल्लेख गर्ने ।	२०७७ असार मसान्त सम्म	राजस्व परामर्श समिति, नगर सभा
	मालपोत संकलनका लागि वडागत अभियान संचालन गर्ने ।	२०७७ असोज देखि आवधिक रुपमा	राजस्व उपशाखा तथा वडा कार्यालय
२	**सम्पति कर**		
	आर्थिक ऐनमा हाल भएको सम्पत्ति कर सम्बन्धी प्रावधान (एकिकृतको रुपमा रहेको) लाई विद्यमान संघीय कानून बमोजिम परिमार्जन गर्ने ।	२०७७ ज्येष्ठ मसान्त सम्म	राजस्व उपशाखा नगर कार्यपालिका
	नयाँ प्रावधान अनुरुपको सम्पत्ति कर सम्बन्धी पदाधिकारी तथा कर्मचारीहरुमा तालिम संचालन गर्ने ।	२०७७ असार मसान्त सम्म	प्रमुख प्रशासकिय अधिकृत
	हालको सम्पत्ति कर ऐन तथा व्यवस्थापन कार्यविधि पुनरावलोकन गरि आवश्यक संसोधन गर्ने ।	२०७७ असार मसान्त सम्म	राजस्व परामर्श समिति नगर सभा
	क्षेत्र निर्धारण गरी सम्पत्ति मूल्यांकन दर र सम्पत्ति करको दर परिमार्जन गर्ने ।	२०७७ बैशाख मसान्त सम्म	नगर कार्यपालिका
	नयाँ व्यवस्था अनुरुप सम्पत्ति कर सफ्टवयेरमा आवश्यक परिमार्जन गर्ने ।	२०७७ ज्येष्ठ मसान्त सम्म	प्रमुख प्रशासकिय अधिकृत
	मालपोतको न्युनतम मूल्यांकन दरसंग सामन्जस्यता हुने गरी सम्पत्तिको मूल्यांकन पुनरावलोकन गरी यथार्थपरक	२०७७ असार	राजस्व परामर्श

क्र.सं.	सुधारका लागि गर्नुपर्ने कार्यहरू	समयावधि	जिम्मेवारी
	वनाई करदाताको तिर्न सक्ने क्षमतालाई मध्यनजर गर्दै करको दरलाई पुनरावलोकन गर्ने ।	मसान्त सम्म	समिति, नगर सभा
३	**सवारी कर (अटो रिक्सा, ई रिक्सा) :** ***निकै न्युन सम्भावना रहेको***		
	अटो रिक्सा, ईरिक्साको दर्ता तथा इजाजत कार्यविधि तर्जुमा गर्ने ।	२०७७ ज्येष्ठ मसान्त सम्म	राजस्व परामर्श समिति र नगर कार्यपालिका
	अटो रिक्सा तथा ई रिक्साहरूको दर्ता तथा नवीकरण दस्तुर निर्धारण गर्ने ।	२०७७ असार मसान्त सम्म	राजस्व परामर्श समिति, नगर सभा
४	**घर जग्गा वहाल कर**		
	बहालमा भएका घर तथा जग्गाहरुको लगत संकलन गर्ने ।	२०७७ असार मसान्त सम्म	राजस्व उपशाखा वडा कार्यालय
	घरजग्गा वहाल कर असुली व्यवस्थालाई आर्थिक ऐनमा स्पष्ट ब्यवस्था गर्ने ।	२०७७ असार मसान्त सम्म	राजस्व परामर्श समिति र नगर सभा
	घरजग्गा वहाल करको दर पुनरावलोकन गरी (बहालको प्रयोजनका आधारमा फरक फरक) आर्थिक ऐनमा समावेश गर्ने ।		
	सम्पत्तिको अभिलेखमा वहालमा भएका घरजग्गाको लगत अद्यावधिक गरी घरजग्गा वहाल कर रकम निर्धारण तथा असुल गर्ने ।	२०७७ श्रावण १ देखि	राजस्व शाखा र वडा कार्यालय
५	**व्यवसाय कर**		
	हालसम्म दर्ता भएका व्यवसायहरुको लगत अद्यावधिक गर्ने तथा दर्तामा नआएकालाई दर्ता गर्न प्रोत्साहन गर्ने	२०७७ असार मसान्त सम्म	राजस्व उपशाखा वडा कार्यालय
	व्यवसाय करको दरलाई व्यवसायको वर्गीकरणको आधारमा पुनरावलोकन गरी आर्थिक ऐनमा समावेश गर्ने ।	२०७७ असार सम्म	राजस्व परामर्श समिति र नगर सभा
	व्यवसाय कर सम्बन्धमा दण्ड सजाय तथा पुरस्कारको व्यवस्था आर्थिक ऐनमा समावेश गर्ने ।		
	उद्योग वाणिज्य संघ, होटल व्यवसाय संघ, घरेलु कार्यालय तथा अन्य मूख्य सरोकारवालासँग नियमित समन्वय र अन्तरक्रिया गर्ने ।	२०७७ असार देखि निरन्तर	प्रमुख प्रशासकीय अधिकृत
	व्यवसायको तथ्यांक/लगत, व्यवसाय करको दर तथा संकलनको अवस्था सम्बन्धी अनुगमन तथा मुल्यांकन गर्ने ।	चौमासिक रुपमा	राजस्व परामर्श समिति र नगर कार्यपालिका
६	**जडीवुटी तथा कवाडी कर**		
	जडिवुटी संकलनको सम्भाव्य क्षेत्र पहिचान गरी बिक्री हुने परिमाण एकिन गर्न समन्वय गर्ने ।	२०७७ ज्येष्ठ मसान्त सम्म	सम्बन्धीत वडा कार्यालय
	जडिवुटीको प्रकृति अनुसार करको दर निर्धारण गरी आर्थिक ऐनमा समावेश गर्ने ।	२०७७ असार सम्म	राजस्व परामर्श समिति र नगर सभा

क्र.सं.	सुधारका लागि गर्नुपर्ने कार्यहरू	समयावधि	जिम्मेवारी
	कवाडी करको दर पुनरावलोकन गरी परिमार्जन गर्ने र आर्थिक ऐनमा समावेश गर्ने ।		
७	**विज्ञापन कर**		
	विज्ञापन करको दररेट परिमार्जन गरी आर्थिक ऐनमा समावेश गर्ने ।	२०७७ असार सम्म	राजस्व परामर्श समिति र नगर कार्यपालिका
	न्यूनतम ठेक्का अंक निर्धारण गरी ठेक्का प्रकृया अगाडी बढाउने ।	२०७७ असार मसान्त सम्म	राजस्व उपशाखा

४.२ गैर कर राजस्व सुधार योजना

क.सं.	सुधारका लागि गर्नुपर्ने कार्य	समयावधि	जिम्मेवारी
१	**स्लेट, ढुङ्गा, गिट्टी, वालुवा एवम् माटोजन्य पदार्थको बिक्री**		
	- प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेख भए बमोजिमको परिमाणमा ठेक्का आव्हान गर्ने ।	२०७७ ज्येष्ठ मसान्त सम्म	प्रमुख प्रशासकिय अधिकृत राजस्व परामर्श समिति, कार्यपालिका
	- कुनै स्थानमा ठेक्का नलागेमा अमानतबाट संकलन गर्न सकिने व्यवस्थालाई समावेश गरी सो अनुरुप कार्यान्वयन गर्ने । - ठेक्कामा उल्लेख भएको शर्त नमानेमा हुन सक्ने कारबाही र दण्ड सजायको व्यवस्था आर्थिक ऐनमा उल्लेख गर्ने ।	२०७७ असार मसान्त सम्म	राजस्व परामर्श समिति, नगर सभा
	- उत्खनन तथा बिक्री परिमाण ठेक्का सम्झौता अनुरुप भए नभएको अनुगमनका लागि अनुगमन समिति गठन गर्ने ।	२०७७ असार मसान्त सम्म	नगर कार्यपालिका
	- अनुगमनलाई नियमित र प्रभावकारी बनाई प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले सिफारिश गरेको परिमाण तथा प्रावधानहरुको पालना सुनिश्चित गर्ने ।	२०७६।७७ देखि नियमित रुपमा	नगर प्रमुख, उप प्रमुख, प्रमुख प्रशासकिय अधिकृत अनुगमन समिति (गठन भएकोमा)
२	**सामुदायिक वनबाट आय प्राप्त गर्ने**		
	- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई नगरपालिकाबाट स्वीकृत गर्नुपर्ने व्यवस्था लागू गर्ने - वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था आर्थिक ऐनमा उल्लेख गर्ने ।	२०७७ ज्येष्ठ मसान्त सम्म २०७७ असार मसान्त सम्म	नगर कार्यपालिका राजस्व परामर्श समिति, नगर सभा

क.सं.	सुधारका लागि गर्नुपर्ने कार्य	समयावधि	जिम्मेवारी
३	**नक्सापास दस्तुर**		
	- भवन निर्माणको नियमित अनुगमन गर्ने र सम्पूर्ण संरचनाहरुलाई नक्सापास र पुराना संरचनालाई अभिलेखिकरणको दायरामा ल्याउने	आ.व. २०७६।७७ बाट निरन्तर	प्राविधिक शाखा वडा कार्यालय
	- नक्सापास तथा अभिलेखिकरण दस्तुरको दर पुनरावलोकन गरी आवश्यकता अनुसार परिमार्जन गर्ने ।	२०७७ असार मसान्त सम्म	राजस्व परामर्श समिति, नगर सभा
४	**दर्ता, अनुमति तथा नवीकरण दस्तुर**		
	- विद्यालय स्थापना, घ वर्गको ठेक्का इजाजत, एफ.एम. रेडियो संचालन, स्थानीयस्तरमा व्यापारीक फर्म आदिको दर्ता गर्ने कार्यविधि तर्जुमा गर्ने र दर्ता तथा नवीकरण दस्तुरको दर आर्थिक ऐनमा समावेश गर्ने ।	२०७७ असार मसान्त सम्म	राजस्व परामर्श समिति, नगर कार्यपालिका, नगर सभा
५	**सेवा शुल्क, सिफारिश तथा प्रमाणित दस्तुर**		
	- सिफारिश तथा अन्य सेवा शुल्कको दर पुनरावलोकन गरी आवश्यकता अनुसार परिमार्जन गर्ने । मुख्य पुनरावलोकन गर्नुपर्ने शिर्षकहरु : काठ कटानी सिफारिश, वार्षिक आय प्रमाणित, घरजग्गा मुल्यांकन, स्वास्थ्य सेवा आदी ।	२०७७ असार मसान्त सम्म	राजस्व परामर्श समिति, नगर सभा
६	**फोहर मैला व्यवस्थापन दस्तुर**		
	- फोहर मैला व्यवस्थापन शुल्कको दर निर्धारण गरी आर्थिक ऐनमा उल्लेख गर्ने ।	२०७७ असार मसान्त सम्म	राजस्व परामर्श समिति, नगर सभा
७	**दीर्घकालीन आय स्रोतको पहिचान तथा सम्भाव्यता**		
	- नगरपालिकालाई दीर्घकालीन आय हुन सक्ने सम्भाव्य क्षेत्रहरुको पहिचान गर्ने । - पहिचान भएका क्षेत्रहरुबाट हुन सक्ने आय सम्भाव्यता अध्ययनका लागि आवश्यक रकम विनियाजन गर्ने ।	२०७७ असार मसान्त सम्म	नगर कार्यपालिका, नगर सभा

४.३ राजस्व प्रशासन सुधार योजना

क.सं.	राजस्व प्रशासनमा सुधारका लागि गर्नुपर्ने कार्य	समयावधि	जिम्मेवारी
१	**सांगठनिक स्वरुप तथा संस्थागत क्षमता**		
	- राजस्व उपशाखा र कर्मचारीको लागि कार्य विवरण तयार गरी लागू गर्ने । - सबै वडाहरुमा राजस्व हेर्ने dedicated कर्मचारीको व्यवस्था गर्ने ।	२०७७ असार १५ गते सम्म	प्रमुख प्रशासकिय अधिकृत कार्यपालिका

क.सं.	राजस्व प्रशासनमा सुधारका लागि गर्नुपर्ने कार्य	समयावधि	जिम्मेवारी
	- राजस्व प्रशासन संग सम्बन्धीत कर्मचारी तथा पदाधिकारीहरुका लागि तालिम तथा भ्रमणको व्यवस्था ।		
२	**कानूनी तथा नीतिगत व्यवस्था**		
	- **आर्थिक ऐन पुनरावलोकन तथा परिमार्जन :** ○ *हालको राजस्व अधिकारका सम्भाव्य शीर्षकहरुको राजस्वका दर तथा संकलन व्यवस्था उल्लेख गर्ने ।* ○ *दफामा व्यवस्था भए बमोजिम अनुसूचीमा दर उल्लेख गर्ने ।* ○ *व्यवहारिक नदेखिएका र लागू नहुने प्रावधानहरुलाई हटाउने ।* ○ *अर्थिक ऐनमा राजस्व असुलीको व्यवस्था संगै दण्ड, सजाय तथा पुरस्कार को व्यवस्था पनि उल्लेख गर्ने ।*	२०७७ असार मसान्त सम्म	राजस्व परामर्श समिति, नगर सभा
	- **आवश्यक कार्यविधि तर्जुमा/परिमार्जन गर्ने :** ○ *सम्पत्ति कर व्यवस्थापन कार्यविधि ।* ○ *घरजग्गा बहाल कर व्यवस्थापन कार्यविधि ।* - **राजस्व सम्बन्धी नीति तर्जुमा गर्दा निम्न पक्ष समावेश गर्ने :** ○ *कोभिड १९ को बन्दाबन्दीले पारको प्रभाव संबोधन* ○ *प्रगतिशिल करको दर प्रणाली ।* ○ *करदाता मैत्री संकलन प्रणाली ।* ○ *वडा स्तरबाट कर संकलन ।* ○ *कर शिक्षा अभियान शुरु गर्ने आदि ।*	२०७७ असार ७ सम्म	राजस्व पारमर्श समिति, नगर कार्यपालिका
३	**सेवा विस्तार**		
	- सबै वडा कार्यालयहरुमा राजस्व प्रशासनका लागि कम्प्युटर विलिङ प्रणाली शुरुवात गर्ने ।	२०७७ श्रावण १ देखि	राजस्व उपशाखा वडा कार्यालयहरु
४	**राजस्व असुली रणनीति**		
	- विभिन्न सञ्चार माध्यमबाट कर असुलीका लागि चेतनामूलक प्रचार प्रसार गर्ने । - कर करदातालाई उस/उनले तिर्ने करबारे एसएमएस लगायतका प्रभावकारी माध्यमबाट जानकारी गराउने तर्फ उन्मुख हुने । - कर नीतिमा ढिलो कर तिर्नेलाई विलम्ब शुल्क लगायत दण्डको व्यवस्था र नियमित तथा बढी कर तिर्ने करदातालाई पुरस्कारको व्यवस्था गर्ने । - कर उठाउने टोली खटाई व्यवसाय दर्ता, नवीकरण गर्ने	२०७७ श्रावण देखि निरन्तर	राजस्व परामर्श समिति राजस्व उप शाखा वडा कार्यालय
५	**समन्वय, अनुगमन र समिक्षा**		
	- राजस्व संग सम्बन्धीत सरोकारवालाहरु संग नियमित समन्वय तथा छलफल गर्ने । - स्थानीय राजस्व परामर्श समितिको बैठक नियमित बसी राजस्व संकलन प्रगतिको समिक्षा गरी सुधारका कदम चाल्ने । - आवश्यकता अनुसार राजस्वका संकलन क्षेत्रमा अनुगमन गर्ने ।	चौमासिक रुपमा निरन्तर	राजस्व उप शाखा, राजस्व परामर्श समिति, प्रमुख प्रशासकिय अधिकृत, नगर कार्यपालिका

क.सं.	राजस्व प्रशासनमा सुधारका लागि गर्नुपर्ने कार्य	समयावधि	जिम्मेवारी
	- चालु आ.व.मा भए गरेका कर असुलीको आन्तरिक एवम् अन्तिम लेखा परीक्षण गर्ने । - आर्थिक प्रतिवेदन तयार गर्ने र सार्वजनिकिकरण गर्ने ।		
६	**राजस्व सुधार कार्ययोजना कार्यान्वयन गर्ने**		
	- यस कार्ययोजनामा उल्लेख भएका कृयाकलापहरुको कार्यान्वयन अनुगमनका लागि अनुगमन समिति गठन गर्ने । - कृयाकलापहरु कार्यान्वयनको सुनिश्चितता गर्न आवधिक रुपमा अनुगमन तथा मुल्यांकन गर्ने । - कृयाकलापहरु सुधार गर्नुपरेमा आवश्यक परिमार्जन गर्दै जाने ।	२०७७ जेष्ठ मसान्त सम्म २०७७ असार देखि निरन्तर	प्रमुख प्रशासकिय अधिकृत राजस्व उपशाखा अनुगमन समिति

परिच्छेद पाँच
आगामी ३ वर्षको आय प्रक्षेपण

यस परिच्छेदमा आगामी तीन आर्थिक वर्षहरुका लागि नगरपालिकाको राजस्व प्रक्षेपण गरिएको छ । महालेखा परिक्षकले स्वीकृत गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ को आधारमा आय प्रक्षेपण गरिएको हो । नगरपालिकाको राजस्व अधिकार, हालको आय संकलन अवस्था तथा राजस्व सुधार कार्ययोजना कार्यान्वयन पश्चात आय संकलनमा पार्ने प्रभाव समेतलाई मध्यनजर गर्दै आगामी तीन वर्षको आय प्रक्षेपण गरिएको छ । यस प्रक्षेपणले नगरपालिकाको आय बजेट तर्जुमा गर्न सहयोग पुग्नेछ ।

५.१ कोभिड १९ र बन्दाबन्दीको राजस्व संकलनमा पर्ने असरको प्रारम्भिक आँकलन

विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ र त्यसको प्रभाव न्यूनिकरण प्रयासकोलागि गरिएका बन्दाबन्दीले राजस्व संकलनमा पार्ने प्रभावलाई आँकलन गर्ने प्रयास गरिएको छ । २०७६ चैत्र ११ गते देखि हालसम्म अत्यावस्यक वाहेकका सबै प्रकारका यातायात सेवा, उद्योग, व्यापारका साथै आवतजावतमा रोक लगाईएकाले रोजगारी तथा आर्थिक कारोवार बन्द प्राय रहेको थियो । जसको कारणले नगरका आर्थिक गतिविधिहरुमा संकुचनका साथै राजस्व संकलनका स्रोतहरुमा पनि प्रतिकुल असर पारेको छ । यसले नगरपालिकाले चालु बर्षको राजस्व असुलीमा मात्र नभई आगामी आर्थिक बर्षको राजस्व असुलीमा समेत प्रभाव पर्ने देखिएको छ । त्यसैले नगरपालिकाको आगामी आर्थिक बर्षको राजस्व प्रक्षेपण गर्दा त्यसले प्रभाव पार्न सक्ने क्षेत्रमा संकलन हुने राजस्वमा पनि संकुचन आउने प्रक्षेपण गरिएको छ । बन्दाबन्दीका कारण प्रत्यक्ष प्रभाव पर्ने मुख्य आय स्रोतहरुको विश्लेषण यहाँ गरिएको छ :

- **घरजग्गा बहाल कर:** नगरको आर्थिक गतिविधिहरुमा आउने संकुचनले आगामी आर्थिक बर्षमा बहालमा लिई व्यवसाय सञ्चालन गर्नेको संख्या तथा वहालमा बस्नेको संख्यामा कमी आउने आँकलन गरिएको छ । त्यसका अतिरिक्त नगरपालिकाले चालु आर्थिक बर्षको बन्दाबन्दीको अवस्था (करिव ३ महिना) बहालकर छुट दिनु न्यायोचित हुने देखिन्छ । यस अवस्थामा भुक्तानी गरिसकेका करदाताको घरबहाल करलाई आगामी आर्थिक बर्षको बहालकरमा समायोजन गर्नुपर्ने हुनाले यस शीर्षकको आय असुलीमा प्रभाव पार्ने अनुमान गरिएको छ ।

- **व्यवसाय कर:** चालु आर्थिक बर्षमा बन्दाबन्दीको कारणले नगरक्षेत्रमा रहेका व्यापार, पेशा, व्यावसाय, उद्योगहरु करिब ३ महिना वन्द रहेका छन् । नगरपालिकाले चालु आ.ब. को बन्द अवधीको व्यवसाय करमा सहुलियत दिने नीति अवलम्बन गर्नु न्यायोचित हुन्छ । व्यवसाय कर वार्षिक कर भएको र यस्तो सहुलियत भुक्तानी गरिसेका तथा भुक्तानी गर्न बाँकी दुबै किसिमका करदाताहरुले पाउनु पर्ने हुन्छ । त्यसकोलागि सो अवधिको व्यवसाय कर छुट आगामी आर्थिक बर्षको व्यवसाय करमा समायोजन गर्दा सहज हुने हुन्छ । वन्द अवधिको व्यवसाय करलाई आगामी आर्थिक बर्षको व्यवसाय करमा समायोजन गर्दा यस शिर्षक हुने आयमा प्रभाव पार्ने अनुमान गरिएको छ ।

- **नक्सा पास दस्तुर:** बन्दाबन्दीको कारणले आर्थिक गतिविधिमा आएको कमीको कारणले आगामी आर्थिक बर्षमा भवन निर्माण कार्यमा सुस्तता आउने अनुमान गरिएको छ । त्यसैले यस शिर्षकमाको आयमा प्रभाव पार्ने अनुमान गरिएको छ ।

- **ढुङ्गा, गिट्टी, बालुवा जस्ता नदीजन्य पदार्थको बिक्री:** बन्दाबन्दीको कारणले आर्थिक गतिविधिमा आएको कमीको कारणले निर्माण कार्यमा सुस्तता आउने अनुमान गरिएको छ । जसको प्रभाव ढुङ्गा, गिट्टी, बालुवा जस्ता नदीजन्य पदार्थको बिक्रीमा पर्ने तथ्यलाई समेत मनन गरि आय अनुमान गरिएको छ ।

- **घरजग्गा रजिश्ट्रेशन दस्तुर:** बन्दाबन्दीको कारणले आर्थिक गतिविधिमा आएको कमीको कारणले आगामी आर्थिक बर्षमा घर जग्गाको कारोबारमा सुस्तता आउने अनुमान गरिएको छ । त्यसैले यस शिर्षकको आयमा प्रभाव पार्ने अनुमान गरिएको छ ।

५.२ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण

राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन पश्चात्को आगामी तीन वर्ष (आ.व. २०७७।७८ देखि २०७९।८०) को लागि आय प्रक्षेपण गरिएको छ । यो आय अनुमान राजस्व सुधार योजनामा प्रस्ताव गरिएका क्रियाकलापहरूको आधारमा गरिएको छ । धेरैजसो शिर्षकहरूको आ.व. २०७६।७७ मा गरिएको आय प्रक्षेपण प्राप्त तथ्यांकमा आधारित छ । आय प्रक्षेपण गर्दा भविष्यमा आयका आधारको दायरा तथा दर बढ्न गई सोबाट हुन सक्ने योगदानलाई समेत मध्यनजर गरिएको छ । त्यसैगरि केही शिर्षकहरूको आय प्रक्षेपण गर्दा विगतको आय संकलनको वृद्धिदरलाई आधार मानिएको छ । आय प्रक्षेपणका आधारहरुलाई शिर्षकगत रुपमा तल व्याख्या गरिएको छ ।

तालिका १२: आगामी आ.व.ह□का लागि राजस्व प्रक्षेपणका आधारह□ (रु. हजारमा)

राजश्व संकेत	राजश्व शिर्षक	०७७।७८ मा कुल सम्भाव्यता	आगामी आ.व.हरुको लागि प्रक्षेपणको आधार
क.	**आन्तरिक आय**		
११३१३	एकीकृत सम्पत्ति कर *(सम्पत्ति कर)*	८,७००	आ.ब. २०७७।७८ मा कुल सम्भाव्यताको ५० प्रतिशत र त्यसपछि बार्षिक १५ प्रतिशतले बृद्धि हुँदै जाने अनुमान
११३१४	भूमी कर/मालपोत	५,८९७	आ.ब. २०७७।७८ मा कुल सम्भाव्यताको ५० प्रतिशत र त्यसपछि बार्षिक १५ प्रतिशतले बृद्धि हुँदै जाने अनुमान
११३२१	घर बहाल कर *(घर जग्गा बहाल कर)*	३,१५०	आ.ब. २०७७।७८ मा कुल सम्भाव्यताको ६० प्रतिशत र त्यसपछि बार्षिक २० प्रतिशतले बृद्धि हुँदै जाने अनुमान
११३२२	बहाल विटौरी कर *(बहाल विटौरी शुल्क)*	४,५००	आ.ब. २०७७।७८ मा सम्भाव्यताको ७५ प्रतिशत र त्यसपछि क्रमस १० प्रतिशतले बृद्धि हुँदै जाने अनुमान
११६३२	ओखेटोपहारमा लाग्ने कर (जडिबुटी तथा कवाडी कर)	१००	आ.ब. २०७७।७८ मा सम्भाव्यताको ७५ प्रतिशत र त्यसपछि क्रमस १० प्रतिशतले बृद्धि हुँदै जाने अनुमान
१४१५१	सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय (जे.सि.वि)	५००	आ.ब. २०७७।७८ मा कुल सम्भाव्यताको ९० प्रतिशत र त्यसपछि बार्षिक १० प्रतिशतले बृद्धि हुँदै जाने अनुमान
१४२१२	सरकारी सम्पत्ती बिक्रिबाट प्राप्त रकम		पुराना मालसामानहरुको लिलाम बिक्रीवाट वार्षिक १० हजार आय हुने अनुमान ।
१४२१३	अन्य बिक्रिबाट प्राप्त रकम		फाराम, पुस्तक, नक्सा जस्ता सामग्रीहरुको बिक्री वाट आ.ब. २०७७।७८ मा रु १ लाख संकलन हुने र त्यसपछि बार्षिक १५ प्रतिशत बृद्धि हुँदै जाने अनुमान
१४२१९	अन्य सेवा शुल्क तथा बिक्री		
	ढुङ्गा, गिट्टी, बालुवा बिक्री	*२५४,१८८*	*ठेक्का मार्फत आय संकलन हुने हुनाले आ.ब. २०७७।७८ मा सम्भाव्यताको ७५ प्रतिशत र त्यसपछि बार्षिक १० प्रतिशत बृद्धि हुँदै जाने अनुमान*
	फोहरमैला व्यवस्थापन सेवा शुल्क	*१,२५०*	*आ.ब. २०७७।७८ मा कुल सम्भाव्यताको ८० प्रतिशत र त्यसपछि बार्षिक २० प्रतिशतले बृद्धि हुँदै जाने अनुमान*
	अस्पताल संचालन सेवा शुल्क	*२,०००*	*आ.ब. २०७७।७८ मा अस्पताल सेवा शुल्क नगरपालिकाको खातामा आउन केही प्रक्रृया पुरा गर्न समय लाग्ने अनुमान गर्दै यो रकम गणना गरिएको छैन भने, आ.व. २०७८।७९मा कुल सम्भाव्यताको ८० प्रतिशत र त्यसपछि बार्षिक २० प्रतिशतले बृद्धि हुँदै जाने अनुमान*

राजश्व संकेत	राजश्व शिर्षक	०७७।७८ मा कुल सम्भाव्यता	आगामी आ.व.हरुको लागि प्रक्षेपणको आधार
	अन्य सेवा शुल्क		एकमुष्ट बार्षिक रु २ लाख अनुमान
१४२२१	न्यायिक दस्तुर		आ.ब. २०७७।७८ मा २५ हजार र त्यसपछि क्रमस १५ प्रतिशतले बृद्धि हुँदै जाने अनुमान
१४२२३	शिक्षा क्षेत्रको आम्दानी		विद्यालय इजाजत, परिक्षा आदि क्षेत्रवाट आ.ब. २०७७।७८ मा २ लाख र त्यसपछि ५ प्रतिशतले बृद्धि हुँदै जाने अनुमान
१४२२९	अन्य प्रशासनिक सेवा शुल्क		वोलपत्र, निवेदन दस्तुर, घरजग्गा मुल्यांकन, अमिन जस्ता प्रशासनिक सेवा शुल्कवाट आ.ब. २०७७।७८ मा ४ लाख र त्यसपछि क्रमस ५ प्रतिशतले बृद्धि हुँदै जाने अनुमान
१४२४१	पार्किङ्ग शुल्क		आ.ब. २०७७।७८ संरचना तयार हुन समय लाग्ने भएकाले अनुमान गरिएको छैन, आ.व. २०७८।७९मा ५० हजार संकलन हुने र त्यसपछि बार्षिक २० प्रतिशत बृद्धि हुँदै जाने अनुमान
१४२४२	नक्सापास दस्तुर	२,०००	आ.ब. २०७७।७८ मा आर्थिक मन्दीको कारणले भवन निर्माणमा कमि आउनसक्ने सम्भावना भएकोले सम्भावनाको ८० प्रतिशत र त्यसपछि बार्षिक १० प्रतिशत बृद्धि हुँदै जाने अनुमान
१४२४३	सिफारिश दस्तुर		आ.ब. २०७७।७८ मा रु ३१ लाख २५ हजार र त्यसपछि बार्षिक ५ प्रतिशत बृद्धि हुँदै जाने अनुमान
१४२४४	व्यक्तिगत घटना दर्ता दस्तुर		आ.ब. २०७७।७८ मा रु २५ हजार र त्यसपछि बार्षिक ५ प्रतिशत कम हुँदै जाने अनुमान
१४२४५	नाता प्रमाणित दस्तुर		आ.ब. २०७७।७८ मा रु १ लाख संकलन हुने र त्यसपछि बार्षिक ५ प्रतिशत बृद्धि हुँदै जाने अनुमान
१४२४९	अन्य दस्तुर (दर्ता, अनुमती, इजाजत, नविकरण आदी)		आ.ब. २०७७।७८ मा रु ७ लाख ५० हजार संकलन हुने र त्यसपछि बार्षिक ५ प्रतिशत बृद्धि हुँदै जाने अनुमान
१४२५३	व्यवसाय रजिष्ट्रेशन दस्तुर		साना तथा घरेलु उद्योग रजिश्ट्रेशन तथा नविकरण दस्तुरवाट आ.ब. २०७७।७८ मा ८ लाख र त्यसपछि ५ प्रतिशत बृद्धि हुँदै जाने अनुमान
१४२६५	अन्य क्षेत्रको आय (सामुदायीक वन)		आ.ब. २०७७।७८ मा रु २ लाख संकलन हुने र त्यसपछि बार्षिक ५ प्रतिशत बृद्धि हुँदै जाने अनुमान
१४३११	न्यायिक दण्ड, जरिवाना र जफत		एकमुष्ट बार्षिक रु २५ हजार अनुमान
१४३१२	प्रशासनिक दण्ड, जरिवाना र जफत		एकमुष्ट बार्षिक रु १ लाख अनुमान
१४५२९	अन्य राजस्व		माथि नपरेका अन्य शिर्षकवाट वार्षिक रु. २ लाख प्राप्त हुने अनुमान
१४६११	व्यवसाय कर	१२,१४०	आ.ब. २०७७।७८ मा सम्भाव्यताको ८० प्रतिशत र त्यसपछि क्रमस १५ प्रतिशतका दरले बृद्धि हुँदै जाने
१५१११	बेरुजु		एकमुष्ट बार्षिक रु १ लाख अनुमान
ख.	**राजश्व बाँडफाँड**		
	संघीय सरकार		
१४४११	बाँडफाँड भई प्राप्त हुने मु.अ.कर		आ.ब. २०७७।७८ का लागि प्राप्त सिलिङ्ग र त्यसपछि क्रमस ५ प्रतिशतका दरले बृद्धि हुँदै जाने
१४४२१	बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क		
१४१५३	बाँडफाँड भई प्राप्त वन रोयल्टी		आ.व. २०७७।७८ मा रु ६ लाख ५० हजार प्राप्त हुने र त्यसपछि वार्षिक ५ प्रतिशतले वृद्धि हुदै जाने अनुमान
१४१५६	बाँडफाँड भई प्राप्त विद्युत्त रोयल्टी		आ.व. २०७७।७८ मा रु ३२ लाख प्राप्त हुने र त्यसपछि वार्षिक ५ प्रतिशतले वृद्धि हुदै जाने अनुमान
	अन्य राजस्व बाँडफाँड		
	प्रदेश सरकार		

राजश्व संकेत	राजश्व शिर्षक	०७७।७८ मा कुल सम्भाव्यता	आगामी आ.व.हरुको लागि प्रक्षेपणको आधार
११३१५	घरजग्गा रजिष्ट्रेशन दस्तुर		आ.व. २०७७।७८मा हुन सक्ने मन्दीको कारणले २५ लाख र त्यसपछि वार्षिक १५ प्रतिशतले वृद्धि हुदै जाने अनुमान
११४५६	बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर		चालु आ.व.मा प्राप्त रकममा ५ प्रतिशतले बढ्दै जाने अनुमान
११४७१	बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर		एकमुष्ट बार्षिक रु १ लाख अनुमान
११४७२	बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर	२००	आ.व. २०७७।७८मा नगरपालिकाको हिस्सा ६० प्रतिशत र त्यसपछि वार्षिक ५ प्रतिशतले वृद्धि हुदै जाने अनुमान
ग.	**अनुदान तथा वित्तीय हस्तान्तरण**		
	संघीय सरकार		
१३३११	समानिकरण अनुदान		आ.ब. २०७७।७८ का लागि प्राप्त सिलिङ्ग र त्यसपछि क्रमस ५ प्रतिशतका दरले बृद्धि हुँदै जाने
१३३१२	शसर्त अनुदान चालु		आ.ब. २०७७।७८ का लागि चालु आ.व.को अनुमानमा ५ प्रतिशतका दरले बृद्धि हुँदै जाने
१३३१३	शसर्त अनुदान पूँजीगत		
१३३१४	विषेश अनुदान चालु		प्रत्येक आ.व.मा १ करोड ५० लाख प्राप्त हुने अनुमान
१३३१५	विषेश अनुदान पूँजीगत		
१३३१६	समपुरक अनुदान चालु		प्रत्येक आ.व.मा १ करोड ५० लाख प्राप्त हुने अनुमान
१३३१७	समपुरक अनुदान पूँजीगत		
१३३१८	अन्य अनुदान चालु *(सामाजिक सुरक्षा समेत)*		आ.ब. २०७७।७८ का लागि चालु आ.व.को अनुमानमा ५ प्रतिशतका दरले बृद्धि हुँदै जाने
१३३१९	अन्य अनुदान पूँजीगत		
	प्रदेश सरकार		
१३३११	समानिकरण अनुदान		आ.ब. २०७७।७८ का लागि चालु आ.व.को अनुमानमा ५ प्रतिशतका दरले बृद्धि हुँदै जाने
१३३१२	शसर्त अनुदान चालु		आ.ब. २०७७।७८ का लागि चालु आ.व.को अनुमानमा ५ प्रतिशतका दरले बृद्धि हुँदै जाने
१३३१३	शसर्त अनुदान पूँजीगत		
१३३१४	विषेश अनुदान चालु		प्रत्येक आ.व.मा १ करोड प्राप्त हुने अनुमान
१३३१५	विषेश अनुदान पूँजीगत		
१३३१६	समपुरक अनुदान चालु		प्रत्येक आ.व.मा १ करोड प्राप्त हुने अनुमान
१३३१७	समपुरक अनुदान पूँजीगत		
१३३१८	अन्य अनुदान चालु		आ.ब. २०७७।७८ का लागि चालु आ.व.को अनुमानमा ५ प्रतिशतका दरले बृद्धि हुँदै जाने
१३३१९	अन्य अनुदान पूँजीगत		
	अन्य आन्तरिक अनुदान		
१३४११	अन्य संस्थागत आन्तरिक अनुदान		सडक बोर्ड, नगर विकास कोष जस्ता संघसंस्थावाट आ.ब. २०७७।७८ मा रु २० लाख प्राप्त हुने र त्यसपछि बार्षिक १० प्रतिशतले बृद्धि हुँदै जाने अनुमान
१३४१२	अन्य व्यक्तिगत आन्तरिक अनुदान		जनताको लागत सहभागितावाट आ.ब. २०७७।७८ मा रु ५० लाख प्राप्त हुने र त्यसपछि बार्षिक १० प्रतिशतले बृद्धि हुँदै जाने अनुमान

५.३ आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण

आय शीर्षकको संभाव्य आधार तथा राजस्व सुधार कार्ययोजनाको कार्यान्वयनलाई आधार मानी नगरपालिकाको आगामी ३ वर्षको प्रक्षेपित आयको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ। प्रक्षेपणको लागि राजस्व संकेत वर्तमानमा सिफारिश गरिएको लेखा कोडको आधारमा गरिएको छ।

तालिका १३: आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण (रु. हजारमा)

राजश्व संकेत	राजश्व शिर्षक	यथार्थ	अनुमान	प्रक्षेपण		
		०७५/७६	०७५/७६	०७७/७८	०७८/७९	०७९/८०
**१०००० **	**राजश्व तथा अनुदान**	**१,१००,६१३**	**१,२३०,५९७**	**१,१३६,६२७**	**१,२११,३१९**	**१,२९०,५८९**
क.	**आन्तरिक आय**	**३५७,९३०**	**२८६,६५०**	**२२२,४०२**	**२४७,०९३**	**२७२,९४०**
११३१३	एकीकृत सम्पत्ति कर *(सम्पत्ति कर)*	५७८	५५०	४,३५०	५,००३	५,७५३
११३१४	भूमी कर/मालपोत	१,४८८	१,६५०	२,९४९	३,३९१	३,८९९
११३२१	घर बहाल कर *(घर जग्गा बहाल कर)*	१,३३०	१,४५०	१,८९०	२,२६८	२,७२२
११३२२	बहाल विटौरी कर *(बहाल विटौरी शुल्क)*	२,८५४	३,५०५	३,३७५	३,७१३	४,०८४
११६३२	ओखेटोपहारमा लाग्ने कर (जडिबुटी तथा कवाडी कर)	-	-	७५	८३	९१
१४१५१	सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय (जे.सि.वि)	-	-	४५०	४९५	५४५
१४२१२	सरकारी सम्पत्ती बिक्रिबाट प्राप्त रकम	-	-	१०	१०	१०
१४२१३	अन्य बिक्रिबाट प्राप्त रकम	-	-	१००	११५	१३२
१४२१९	अन्य सेवा शुल्क तथा बिक्री					
	ढुङ्गा, गिट्टी, बालुवा बिक्री	*२८५,५८६*	*२५१,६४५*	*१९०,६४१*	*२०९,७०५*	*२३०,६७६*
	फोहरमैला व्यवस्थापन सेवा शुल्क	-	-	*१,०००*	*१,२००*	*१,४४०*
	अस्पताल संचालन सेवा शुल्क	-	-	-	*१,६००*	*१,९२०*
	अन्य सेवा शुल्क	*३६,४०९*	*१८,८००*	*२००*	*२००*	*२००*
१४२२१	न्यायिक दस्तुर	-	-	२५	२८	३०
१४२२३	शिक्षा क्षेत्रको आम्दानी	-	-	२००	२१०	२२१
१४२२९	अन्य प्रशासनिक सेवा शुल्क	*३,९६५*	*४,०००*	४००	४२०	४४१
१४२४१	पार्किङ्ग शुल्क	-	-	-	५०	६०
१४२४२	नक्सापास दस्तुर	*३,६२५*	*२,७५०*	१,६००	१,७६०	१,९३६
१४२४३	सिफारिश दस्तुर			३,१२५	३,२८१	३,४४५

राजश्व संकेत	राजश्व शिर्षक	यथार्थ	अनुमान	प्रक्षेपण		
		०७५/७६	०७५/७६	०७७/७८	०७८/७९	०७९/८०
१४२४४	व्यक्तिगत घटना दर्ता दस्तुर			२५	२६	२८
१४२४५	नाता प्रमाणित दस्तुर			१००	१०५	११०
१४२४९	अन्य दस्तुर (दर्ता, अनुमती, इजाजत, नविकरण आदी)			७५०	७८८	८२७
१४२५३	व्यवसाय रजिष्ट्रेशन दस्तुर			८००	८४०	८८२
१४२६५	अन्य क्षेत्रको आय (सामुदायीक वन)	–	–	२००	२१०	२२१
१४३११	न्यायिक दण्ड, जरिवाना र जफत	–	–	२५	२५	२५
१४३१२	प्रशासनिक दण्ड, जरिवाना र जफत	८०५	१००	१००	१००	१००
१४५२९	अन्य राजस्व	१९,१८६	–	२००	२००	२००
१४६११	व्यवसाय कर	२,१०४	२,२००	९,७१२	११,१६९	१२,८४४
१५१११	बेरुजु	–	–	१००	१००	१००
ख.	**राजश्व बाँडफाँड**	**१०५,८९२**	**२१०,९००**	**१४८,८८५**	**१५४,५४९**	**१६०,५६१**
	संघीय सरकार	**७४,२८७**	**१६७,१३४**	**१०४,५७९**	**१०९,८०८**	**११५,२९८**
१४४११	बाँडफाँड भई प्राप्त हुने मु.अ.कर	७४,२८७	१०९,६००	१००,७२९	१०५,७६५	१११,०५४
१४४२१	बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क					
१४१५३	बाँडफाँड भई प्राप्त वन रोयल्टी	–	–	६५०	६८३	७१७
१४१५६	बाँडफाँड भई प्राप्त विद्युत्त रोयल्टी	–	–	३,२००	३,३६०	३,५२८
	अन्य राजस्व बाँडफाँड	–	५७५३४			
	प्रदेश सरकार	**३१,६०५**	**४३,७६६**	**४४,३०६**	**४४,७४१**	**४५,२६३**
११३१५	घरजग्गा रजिष्ट्रेशन दस्तुर	–	४०००	२,५००	२,८७५	३,३०६
११४५६	बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर	३१५०५	३९६०६	४१,५८६	४१,५८६	४१,५८६
११४७१	बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर	–	५०	१००	१००	१००
११४७२	बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर	१००	११०	१२०	१८०	२७०

राजश्व संकेत	राजश्व शिर्षक	यथार्थ	अनुमान	प्रक्षेपण		
		०७५/७६	०७५/७६	०७७/७८	०७८/७९	०७९/८०
ग.	**अनुदान तथा वित्तीय हस्तान्तरण**	**६३६,७९१**	**७३३,०४७**	**७६५,३४०**	**८०९,६७७**	**८५७,०८८**
	संघीय सरकार	**५७४,३२७**	**६६०,५५८**	**६९०,९८१**	**७३२,२५०**	**७७६,४०५**
१३३११	समानिकरण अनुदान	२०६६००	१९९४००	२००,६००	२१०,६३०	२२१,१६२
१३३१२	शसर्त अनुदान चालु	२६१,२५५	२८१,८८६	२९५,९८०	३१०,७७९	३२६,३१८
१३३१३	शसर्त अनुदान पूँजीगत					
१३३१४	विषेश अनुदान चालु	-	१०,०००	१५,०००	१५,०००	१५,०००
१३३१५	विषेश अनुदान पूँजीगत					
१३३१६	समपुरक अनुदान चालु	-	१२,७००	१५,०००	१५,०००	१५,०००
१३३१७	समपुरक अनुदान पूँजीगत					
१३३१८	अन्य अनुदान चालु *(सामाजिक सुरक्षा समेत)*	१०६४७२	१५६५७२	१६४,४०१	१८०,८४१	१९८,९२५
१३३१९	अन्य अनुदान पूँजीगत					
	प्रदेश सरकार	**६२,४६४**	**६५,१०३**	**६७,३५९**	**६९,७२७**	**७२,२१४**
१३३११	समानिकरण अनुदान	८५९९	१०६१०	११,१४१	११,६९८	१२,२८२
१३३१२	शसर्त अनुदान चालु	३८,६७०	१५,८५४	१६,६४७	१७,४७९	१८,३५३
१३३१३	शसर्त अनुदान पूँजीगत					
१३३१४	विषेश अनुदान चालु	९,९९५	१९,९९९	१०,०००	१०,०००	१०,०००
१३३१५	विषेश अनुदान पूँजीगत					
१३३१६	समपुरक अनुदान चालु	-	-	१०,०००	१०,०००	१०,०००
१३३१७	समपुरक अनुदान पूँजीगत					
१३३१८	अन्य अनुदान चालु	५२००	१८६४०	१९,५७२	२०,५५१	२१,५७८
१३३१९	अन्य अनुदान पूँजीगत					

राजश्व संकेत	राजश्व शिर्षक	यथार्थ	अनुमान	प्रक्षेपण		
		०७५/७६	०७५/७६	०७७/७८	०७८/७९	०७९/८०
	अन्य आन्तरिक अनुदान	**–**	**७,३८६**	**७,०००**	**७,७००**	**८,४७०**
१३४११	अन्य संस्थागत आन्तरिक अनुदान	–	३१००	२,०००	२,२००	२,४२०
१३४१२	अन्य व्यक्तिगत आन्तरिक अनुदान	–	४२८६	५,०००	५,५००	६,०५०
**३००००	**वित्तीय सम्पत्ति तथा दायित्व**	**३९,०२४**	**१४३,८३३**	**–**	**–**	**–**
३२१२१	नगद					
३२१२२	बैंक मौज्दात	३९,०२४	१४३,८३३			
३३१४३	अन्य संस्थाहरुवाट ऋण प्राप्ती					
३३१८२	तिर्नुपर्ने विभिन्न अन्य खाताहरु					
	जम्मा राजस्व, अनुदान, सम्पत्ति तथा दायित्व	**१,१३९,६३७**	**१,३७४,४३०**	**१,१३६,६२७**	**१,२११,३१९**	**१,२९०,५८९**

परिच्छेद छ
निश्कर्ष तथा सुझाव

६.१ निश्कर्ष तथा सुझाव

यस नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमाका क्रममा विभिन्न स्रोतहरुबाट तथ्यांक तथा सूचनाहरु संकलन गरिएको थियो । विभिन्न फारमहरुको प्रयोग गरी नगरपालिकाको कार्यालय तथा वडा कार्यालयहरुबाट समेत तथ्यांक तथा सूचनाहरु संकलन गरिएको थियो । हालको राजस्व संकलन तथा प्रशासनको अवस्थालाई सुधार गर्नका लागि सहभागितामूलक पद्धति (कार्यशाला) मार्फत् राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको थियो । संकलित तथ्यांक, सूचनाको विश्लेषण तथा राजस्व सुधार कार्ययोजनामा निर्दिष्ट गरिएको कृयाकलापहरुको कार्यान्वयन हुने मान्यता र त्यसको नतिजा समेत लाई मध्येनजर गरी नगरपालिकाको आगामी तीन आर्थिक वर्षका लागि राजस्व प्रक्षेपण गरिएको हो । सारांशमा राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन पश्चात् आगामी तीन आर्थिक वर्षहरुमा हुने आय संरचनालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका १४: प्रक्षेपित आय संरचना (राजस्व सुधार कार्ययोजनाको कार्यान्वयनको आधारमा) (रु हजारमा)

क्र. सं.	राजश्व शिर्षक	यथार्थ	अनुमान	प्रक्षेपण		
		०७५/७६	०७६/७७	०७७/७८	०७७/७९	०७७/८०
१	आन्तरिक आय	३५७,९३०	२८६,६५०	२२२,४०२	२४७,०९३	२७२,९४०
२	राजश्व बाँडफाँड					
	संघीय सरकार	*७४,२८७*	*१६७,१३४*	*१०४,५७९*	*१०९,८०८*	*११५,२९८*
	प्रदेश सरकार	*३१,६०५*	*४३,७६६*	*४४,३०६*	*४४,७४१*	*४५,२६३*
३	अनुदान तथा वित्तिय हस्तान्तरण					
	संघीय सरकार	*५७४,३२७*	*६६०,५५८*	*६९०,९८१*	*७३२,२५०*	*७७६,४०५*
	प्रदेश सरकार	*६२,४६४*	*६५,१०३*	*६७,३५९*	*६९,७२७*	*७२,२१४*
	अन्य आन्तरिक अनुदान	-	*७,३८६*	*७,०००*	*७,७००*	*८,४७०*
	जम्मा	**१,१००,६१३**	**१,२३०,५९७**	**१,१३६,६२७**	**१,२११,३१९**	**१,२९०,५८९**
आन्तरिक आयको योगदान (प्रतिशत)		३२.५२	२३.२९	१९.५७	२०.४०	२१.१५

प्रस्तुत विवरणले नगरपालिकाको आन्तरिक आयको हिस्सा गत आ.ब.मा ३२.५२ प्रतिशत रहेकोमा आगामी आर्थिक बर्षमा १९.५७ प्रतिशत मात्र हुने अनुमान गरिएको छ, जसको मुख्य कारणमा कोभिड १९ को कारणले नगरपालिकाको राजस्व संकलनमा पारेको तथा पार्न सक्ने प्रभावलाई लिन सकिन्छ । राजस्व सुधार योजनाको कार्यान्वयनवाट नगरपालिकाको आगामी आर्थिक बर्षको आन्तरिक आय परिचालनमा सुधार ल्याउदा पनि आन्तरिक आय मा प्रभाव पर्ने देखिन्छ । मुलतः ढुङ्गा, गिट्टी, बालुवाको बिक्रीमा पर्न जाने प्रभावले गर्दा आन्तरिक आयमा कमी देखिएको हो ।

६.२ राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन

सहभागितात्मक पद्दति अपनाई तर्जुमा गरिएको परिच्छेद ५ मा उल्लेखित राजस्व सुधार कार्ययोजना कार्यान्वयनकोलागि नगरपालिकाले राजस्व सुधार कार्यक्रमलाई ब्यय वजेटमा समावेश गरी कार्यान्वयन गर्न ब्यवस्था आवश्यक हुन्छ । कार्ययोजनामा उल्लेख भएका कार्य सम्पादन हुन नसकेमा त्यसले प्रक्षेपण गरिए

बमोजिम आय संकलनमा प्रभाव पार्न सक्दछ । यसका अतिरिक्त राजस्व सुधार कार्ययोजनाका निश्चित कार्य गर्न अन्य सहयोगि निकाय तथा परियोजनाहरुवाट पनि सहयोग लिन सकिन्छ । नगरपालिकाको आफ्नो बार्षिक योजना तथा बजेटमा राजस्व सुधार कार्यक्रम अन्तर्गत निम्न क्रियाकलापहरु सञ्चालनकोलागि बजेट ब्यवस्था गर्न आवश्यक देखिन्छ ।

- राजस्व कम्प्युटर सफ्टवर प्रणालीमा सुधार, मर्मत तथा संचालन तालिम
- वडाहरुलाई आवश्यक पर्ने उपकरण तथा सामग्रीहरुको व्यवस्था
- मूख्य आयका स्रोतहरुको व्यवस्थापनकोलागि कार्यविधिहरु तयारी
- कर शिक्षा कार्यक्रम तथा कर संकलन टोली परिचालन
- कर्मचारीहरुको क्षमता विकास
- कर्मचारी प्रोत्साहन प्याकेज
- राजस्वका स्रोतहरुको विस्तृत सम्भाव्यता अध्ययन
- आय मूलक सेवाको स्थापनामा निजी क्षेत्रको साझेदारीकोलागि विस्तृत परियोजना प्रस्ताव तयारी
- राजस्व संकलनको अनुगमन तथा राजस्व परीक्षण ।

नगरपालिकालाई प्राप्त राजस्व अधिकारहरु मध्ये कतिपय अधिकारहरु विगतको तुलनामा निकै फरक भएकाले राजस्व ब्यवस्थापनलाई त्यस अनुरुप सुधार गर्नुपर्ने देखिन्छ । तसर्थ राजस्व सुधार कार्य योजनामा उल्लेख भएका क्रियाकलापहरुलाई पनि प्राथमिकिकरण गरी कार्यान्वयन गर्नु उचित हुन्छ ।

६.३ कार्ययोजनाको अनुगमन तथा मुल्यांकन

स्थानीय सरकार संचालन ऐनको ब्यवस्था अनुसार राजस्व परामर्श समितिलाई राजस्वका स्रोत, दायरा तथा दरको विश्लेषण गरी अन्तरिक आम्दानीका स्रोतहरु अनुमान गर्ने र स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिलाई आय अनुमान गर्ने कार्यमा यो राजस्व सुधार कार्ययोजनाले सहयोग गर्दछ । यो राजस्व सुधार कार्य योजनाको अनुगमन तथा मूल्यांकनको लागि निम्न चार तहको अनुगमन तथा मूल्यांकन ब्यवस्था सिफारिश गरिएको छ ।

(क) कार्यालय स्तरको अनुगमनः यो स्तरको अनुगमन तथा मूल्यांकनकोलागि प्रमुख प्रशासकिय अधिकृत, राजस्व उप शाखा तथा अन्य सम्बन्धित शाखाका प्रतिनिधिहरुलाई जिम्मेवार बनाउनु पर्दछ । स्थानीय सरकारले कम्तिमा महिनामा एक पटक बैठक वसी योजनाको कार्यान्वयनको अवस्था तथा असुली अवस्थाको अनुगमन गरी लक्ष हासिल गर्नेतर्फ आवश्यक कार्यगत निर्णयहरु गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

(ख) राजस्व परामर्श समितिवाट अनुगमन तथा मूल्यांकनः राजस्व परामर्श समितिले चौमासिक रुपमा राजस्व सुधार योजनाको कार्यान्वयनको अवस्था, आय संकलनको अवस्थाको नियमिति अनुगमन गरी कार्यपालिकालाई आवश्यक परामर्श प्रदान गर्ने कार्य यस अन्तर्गत पर्दछ । त्यसैगरी आगामी आर्थिक बर्षकोलागि आयको अनुमान गर्ने कार्य पूर्व भएका कार्यको मूल्यांकन गरी स्रोत, दर तथा दायरामा सुधारकोलागि कृयाकलाप सिफारिश गर्ने र त्यसको आधारमा आयको अनुमान गर्नु पर्दछ । यसका अतिरिक्त आर्थिक बर्षको समाप्ती पश्चात राजस्व सुधार योजनाको समिक्षा गरिन्छ ।

(ग) कार्यपालिकावाट अनुगमन तथा मूल्यांकनः कार्यपालिकाको बैठकले राजस्व परामर्श समितिबाट प्रस्तुत गरेका सुझावहरुलाई छलफलमा ल्याई आवश्यक निर्णय गर्ने कार्य यस अन्तर्गत पर्दछ । छलफलको क्रममा राजस्व सुधार योजना तथा आय असुली अवस्थाको समिक्षा गरी आवश्यक नीतिगत तथा कार्यगत निर्णय गर्नु आवश्यक भएमा निर्णय गरिन्छ ।

(घ) **वाह्य अनुगमन तथा मूल्यांकनः** राजस्व सुधार कार्ययोजना कार्यान्वयनमा सहजिकरण गर्ने चाहने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, प्रदेश मन्त्रालय, दातृ निकायहरु आदिले अनुगमनकोलागि सहयोग प्रदान गर्न सक्नेछन् । यस्तो अनुगमन प्रणालीको स्थापनाले स्थानीय सरकारको अनुगमन तथा प्रतिवेदन गर्ने क्षमतामा विकास हुनेछ । राजस्व प्रशासनसंग सम्बन्धित तथ्यांक बाहेक योजना कार्यान्वयन प्रकृयाको अनुगमन तथा करदाताहरुको अनुभुति संकलन पनि अनुगमनको मूख्य विधि हुनसक्नेछ ।

अनुसूचीहरू

अनुसूची १: सन्दर्भ सामग्रीहरू

- नेपालको संविधान २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- नेपाल सरकारको वजेट वक्तब्य, २०७६।७७
- नेपाल सरकारको आर्थिक ऐन, २०७६
- वाग्मती प्रदेश सरकारको आर्थिक ऐन, २०७६
- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४
- एकीकृत आर्थिक संकेत तथा वगीकरण र व्याख्या, २०७४
- स्थानीय सरकारको आर्थिक ऐनको नमूना, २०७५
- प्रदेश तथा स्थानीय कर सम्बन्धी अध्ययन तथा सुझाव प्रतिवेदन, २०७५ - नेपाल सरकार (मन्त्रिपरिषद्) निर्णयबाट गठिन कार्यदलले अर्थ मन्त्रालय समक्ष पेश गरेको
- मेलम्ची नगरपालिकाको आर्थिक ऐन २०७६।७७
- मेलम्ची नगरपालिकाको विभिन्न आर्थिक वर्षहरूको नगर विकास योजना, बजेट तथा कार्यक्रमहरू

अनुसूची २: तथ्यांक/सूचना संकलनका लागि प्रयोग गरिएको फारम तथा सूची

तथ्यांक संकलन सूची

नगरपालिकाको संक्षिप्त परिचय तथा हालको अवस्था:

- संक्षिप्त परिचय
- मूख्य पूर्वाधारको अवस्था
- आर्थिक अवस्था
- सामाजिक, सांस्कृतिक तथा पर्यटकिय अवस्था

संभाव्य स्रोत: नगरपालिकाका विभिन्न प्रकाशनहरु, सरोकारवालासंग छलफल तथा अवलोकन

नगरपालिकाको संगठन तथा राजस्व प्रशासन :

- संगठन संरचना तथा कर्मचारीको विवरण
- भौतिक सुविधाहरु
- राजस्व शाखा तथा राजस्व प्रशासन
  - *राजस्व शाखामा कार्यरत कर्मचारीहरुको विवरण*
  - *कार्यकक्ष तथा कार्य स्थलको पर्याप्तता*
  - *फर्निचर, कम्प्यूटर, प्रिन्टर तथा अन्यभौतिक सुविधाहरु*
  - *राजस्व सम्बन्धी डाटा वेस,राजस्व प्रशासनमा सप्फट्वेयर र त्यसको प्रयोग*
  - *कप्यूटर विलिङ्ग प्रणालीको प्रयोग*
- वडा कार्यलयमा राजस्व प्रशासनको अवस्था

स्रोत:प्रशासन, आर्थिक प्रशासन, जिन्सी, राजस्व शाखा तथा वडा कार्यलयहरु

नगरपालिकाको आय (आन्तरिक तथा वाह्य) सम्बन्धी विवरण:

- विगत तीन आर्थिक वर्षहरु (२०७३/७४, ०७४/७५ र ०७५/७६) को यथार्थ आय विवरण
- चालु आर्थिक वर्षको (२०७६/७७) को अनुमानित/बजेट विवरण र श्रावण महिनासम्मको यथार्थ संकलन
- चालु आर्थिक वर्षका लागि नगर सभाले पारित गरेको कर, शुल्क तथा दस्तुरका दरहरु

सम्भाव्य स्रोत: आर्थिक प्रशासन तथा राजस्व शाखा

अन्य दस्तावेज तथा सूचनाहरु

- निर्वाचित पदाधिकारीहरुको विवरण
- नगर सभाले पारित गरेको आर्थिक ऐन, राजस्वसंग सम्बन्धीत अन्य नीति तथा कार्यक्रमहरु
- नगरपालिकाको बस्तुस्थिति विवरण (Profile)
- राजस्व परिचालनका लागि भएका प्रभावकारी प्रयासहरु

सम्भाव्य स्रोत: प्रशासन, आर्थिक प्रशासन, राजस्व शाखा

तथ्यांक संकलन फारम

स्वामित्व वा भोग चलनमा रहेका जग्गा

क्र.सं.	जग्गा रहेका स्थान	कि.न.	क्षेत्रफल	हालको उपयोग	भाडा वाबहाल रकम (यदी भएमा)
क	स्वामित्वमा रहेको जग्गा				
ख	भोग चलनमा रहेको जग्गा				

स्रोत : जिन्सी शाखा तथा वडा कार्यालय

स्वामित्वमा रहेका भवन

क्र.सं.	स्थान	भवनको विवरण	हालको उपभोग	भाडा वाबहाल रकम (यदी भएमा)

स्रोत : जिन्सी शाखा तथा वडा कार्यालय

राजस्वमा प्रत्यक्ष्य आधारित सूचनाहरु

ख. भवन सम्बन्धी विवरण

क्र.सं.	घरको वर्गीकरण	अनुमानित संख्या	बहालमाभएको संख्या	औसतबहाल दर
१	व्यापारीक प्रयोजनका लागि निर्मित भवन/घरहरु *(नोटः व्यापारीक कम्पलेक्स, पार्टी प्यालेस, अस्पताल, कोल्ड स्टोर, नीजि विद्यालय तथा क्यापस आदी)*			
२	औद्योगिक प्रयोजनका भवन/घरहरु			
३	आवासिय भवन/घरहरु			
३.१	*कच्ची घरहरु (कच्ची जोडाई तथा छाना)*			
३.२	*अर्ध कच्ची घरहरु (माटोको जोडाई र कंक्रिट वा स्टिलको छाना भएका)*			
३.३	*पिलर सिस्टम नभएको पक्कि घर (Without RCC Frame Structure)*			
३.४	*पिलर सिस्टम भएको पक्कि घर (With RCC Frame Structure)*			
	जम्मा			

स्रोत : विभिन्न प्रकाशन वा सूचना शाखा तथा वडा कार्यालय

जग्गा सम्बन्धी विवरण

क.सं.	जग्गाको किसिम	अनुमानितक्षेत्रफल	औसत मुल्यांकन दर (मालपोत कार्यालयको आधारमा)	कैफियत
१	शहरी क्षेत्र			
२	आवासिय क्षेत्र			
३	कृषी क्षेत्र			
४	वन तथा अन्यक्षेत्र			
जम्मा				

स्रोत : विभिन्न प्रकाशन वा सूचना शाखा तथा वडा कार्यालय

सवारी साधन सम्बन्धी विवरण

क्र.सं.	सवारी साधन	अनुमानित संख्या	कैफियत
१	अटो रिक्सा, ई रिक्सा		
२	ठेलागाडा, टाँगा, रिक्सा		
जम्मा			

स्रोत : विभिन्न प्रकाशन वा सूचना शाखा तथा वडा कार्यालय

व्यापार व्यवसाय सम्बन्धीविवरण

क्र.सं.	व्यापार व्यवसायको विवरण	साना लगानी	मझौला लगानी	ठुला लगानी
१	उद्योग			
२	वित्तिय संस्था (बैक, विकास बैक, सहकारी, विमाआदि)			
३	ब्यापारिक भवन, मल, निजी अस्पताल, संस्थागत कलेज विद्यालय			
४	डिलर तथा थोक विक्रेता			
५	अन्य ब्यवसायहरु			

स्रोत : विभिन्न प्रकाशन वा सूचना शाखा तथा वडा कार्यालय, उद्योग वाणिज्य संघ

खानीजन्य वस्तुविकी तथा निकासी

उत्पादन/ उत्खनन स्थल	बस्तुहरु	कूल उत्खनन योग्य परिणाम	विकीमुल्य	संभाव्य निकासी परिमाण
	ढुङ्गा			
	गिट्टी			
	स्लेट			
	बालुवा			
	दहत्तर वहत्तर			

स्रोत : आर्थिक प्रशासन शाखा, हालको ठेक्का प्रकृया, आईई प्रतिवेदन तथा सरोकारवाला संग छलफल

जडिबुटी, कवाडी र जिवजन्तु ब्यवसायिक उपयोग

क.सं.	बस्तुहरु	इकाई	कूल संकलन परिणाम	अनुमानित मुल्य
क.	जडिबुटी जन्य बस्तुहरु			
ख.	कवाडी जन्य बस्तुहरु			
ग.	जिव जन्तु			

वहाल विटौरी

क.सं.	सम्पत्तिहरु	इकाई	परिमाण	दर
क.	भवन तथा कोठाहरु			
ख.	मेसिनहरु			
ग.	सार्वजनिक सम्पत्ति			

स्रोत : राजस्व परामर्श समिति, आर्थिक प्रशासन, राजस्व तथा जिन्सी शाखा, वडा कार्यालय

नगरपालीकाले निर्माण, संचालन तथा व्यवस्थापन गरेका सेवा

क्र.सं.	सेवाहरु	उपलब्ध गराईएको स्थानवा क्षेत्र	इकाई र परिमाण	सेवा शुल्कको संभावना के छ ?	हालको अवस्था (आय)
१	फोहरमैला व्यवस्थापन				
४	धारा				
५	अतिथिगृह				
६	धर्मशाला				
८	सभागृह				
९	ढल निकास				
१०	सडक बत्ति				
११	सार्वजनीक शौचालय				
१२	पार्क				
१३	पौडी पोखरी				
१४	व्यायमशाला				
१५	पर्यटकिय स्थल				
१६	हाट बजार				
१७	पशु बधशाला				
१८	शवदाहगृह				
१९	बसपार्क				
२०	अन्य पार्किङ्ग क्षेत्र				

अनुसूची ३: प्रारम्भिक कार्यशालाको कार्यक्रम तालिका तथा उपस्थिति विवरण

कार्यक्रम तालिका
(२०७६ फागुन १८)

क्र.सं.	क्रियाकलाप
पहिलो सत्र	
१	कार्यक्रम शुभारम्भ
२	परिचय, कार्यक्रमको उद्देश्य, अवधारणा तथा प्रकृया - प्रस्तुति
३	स्थानीय सरकारको राजस्व अधिकार
४	खाजा
५	तथ्यांक तथा सूचना संकलनको फारम प्रस्तुति
दोस्रो सत्र	
६	राजस्व सुधार कार्ययोजना तथा राजस्व प्रक्षेपणका लागि खाँका प्रस्तुति, समूह विभाजन
७	समुह कार्य
८	सुझाव संकलन
९	समापन

उपस्थिति विवरण

अनुसूची ४: स्थानीय राजस्व परामर्श समिति गठन तथा काम कर्तव्य र अधिकार सम्बन्धी कानुनी व्यवस्था

(स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५ बमोजिमको व्यवस्था)

समितिको गठन (उपदफा १) :

क) उपाध्यक्ष वा उपप्रमुख	-	संयोजक
ख) प्रमुख प्रशासकीय अधिकृत	-	सदस्य
ग) कार्यपालिकाले तोकेको कार्यपालिकाका सदस्यहरु मध्येबाट एक जना महिला सहित दुई जना सदस्य	-	सदस्य
घ) निजी क्षेत्रको उद्योग बाणिज्य सम्बन्धी मान्यता प्राप्त संस्थाको गाउँ वा नगर तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि	-	सदस्य
ङ) घरेलु तथा साना उद्योग सम्बन्धी मान्यता प्राप्त संस्थाको नगर वा गाउँ तहको अध्यक्ष वा नीजले तोकेको प्रतिनिधि	-	सदस्य
च) कार्यपालिकाको राजस्व महाशाखा, विभाग वा शाखा प्रमुख	-	सदस्य सचिव

समितिको काम, कर्तव्य र अधिकार (उपदफा २) :

क) राजस्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालनाका सम्बन्धमा आवश्यक परामर्श प्रदान गर्ने,

ख) राजस्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुनसक्ने राजस्वको अनुमान गर्ने,

ग) राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने,

घ) स्थानीय उद्योग तथा व्यबसाय प्रबर्द्धन र रोजगारी सिर्जनामा योगदान दिने किसिमको कर नीति अवलम्बन गर्न परामर्श दिने,

ङ) कर राजस्व , गैरकर राजस्व, सेवाशुल्क, दस्तुर आदिको दर निर्धारण सम्बन्धमा परामर्श दिने,

च) राजस्व प्रशासन सुधारका लागि अन्य आवश्यक परामर्श दिने ।

उपदफा ३: उपदफा (१) बमोजिमको समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञ तथा अन्य सरोकारवालालाई समितिको बैठकमा आमन्त्रण गर्न सक्दछ ।

उपदफा ४: उपदफा (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

अनुसूची ५: राजस्व परामर्श समितिले राजस्व प्रक्षेपण गरि कार्यपालिकामा पेश गर्ने प्रतिवेदनको ढाँचा

(स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्धारा प्रकाशित को अनुसूची २ बमाजिम)

.....गाउँपालिका वा नगरपालिका

राजस्व परामर्श समितिको प्रतिवेदन, ...

(क) पृष्ठभूमि

(ख) राजस्वको मौजुदा अवस्थाको विश्लेषण

(ग) राजस्व नीतिहरु

(घ) करका आधारहरु

(ङ) आगामी आ.व.को लागि प्रस्तावित कर तथा गैर कर राजस्व दर

सि.नं.	राजस्वको क्षेत्रहरु	चालु आर्थिक वर्षको दर	प्रस्तावित दर	पुष्ट्याईं	कैफियत

(च) आगामी आ.व.को लागि अनुमानित कर तथा गैर कर राजस्व रकम

सि.नं.	राजस्वको क्षेत्रहरु	गत आ.व.को यथार्थ रकम	चालु आ.व.को संशोधित अनुमान	आगामी आ.व.को अनुमान	कैफियत

(छ) निष्कर्ष तथा सुझावहरु

(.....)

संयोजक .....

सदस्य .....